# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गोदावरी नगरपालिका

### कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गोदावरी नगरपालिका

## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## गोदावरी नगरपालिका

कैलाली

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
## अनामनगर, काठमाडौं, नेपाल
## Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, सुदुरपश्चिम प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ५०८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
गोदावरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ३ करोड ९७ लाख ३५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१४ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ३३ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. ४५ लाख ४ हजार, सोधभर्ना नलिएको रु. २ लाख २५ हजार र पेश्की रु.१ लाख ८१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ३९ करोड ८८ लाख ९६ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ४३ करोड ८६ लाख ३१ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभुतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# गोदावरी नगरपालिका, कैलाली

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १२१ | १३४ | ३९७३५ | ० | ० | ० | १२१ | १३४ | ३९७३५ | १४९३ | ४५०४ | ३३३३२ | ० | २२५ | ३८०६१ | १८१ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तहको नाम र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोदावरी नगरपालिका, कैलाली | ३९८८९६ | ० | ० | ३९८८९६ | ० | ३९७३५ | ४३८६३१ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : गोदावरी नगरपालिका, कैलाली , गोदावरी नगरपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खेमराज विष्ट | २०७८-८-९ | २०७८-१२-३० |
| कार्यालय प्रमुख | देवराज जोशी | २०७७-७-२ | २०७८-७-२८ |
| कार्यालय प्रमुख | बसन्त कुमार खत्री | २०७९-१-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रामचन्द्र जोशी | २०७४-२-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३९,७३५,९४०.५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३२,९३,९७,९०४.१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६७,२०,९८,००० | **चालु खर्च** | ६५,२०,६६,४६३.१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,०५,८६,४१८ | **पूँजीगत खर्च** | ३१,४३,६७,४७९ |
| **राजश्व बाँडफाँट** | २४,६८,७९,१९५.२ | **वित्तीय/अन्य व्यवस्था** | ४५,७१,१०,२३९.८ |
| **आन्तरिक आय** | १२,०७,१६,५९९.८ | | |
| **अन्य आय** | ३६,१२,६३,३३१.९ | | |
| **कुल आय** | १,४३,१५,४३,५४४.९ | **कुल खर्च** | १,४२,३५,४४,१८१.९ |
| **बाँकी मौज्दात** | | ३३,७३,९७,२६७.१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिकामा १२ वडा, ६५ सभा सदस्य, ३०८.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा ९९९७३ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **बित्तीय विवरणको यथार्थता**<br><br>पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३०४२४१६९०।८५, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. २४९४६२३।, गरीबसँग विश्वेश्वर कार्यक्रमको रु ४६४०००।र क्षेत्रीय शहरी विकास आयोजनाको रु ३६३५५२१। समेत गरी रु.३१०८३५८३४।८५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |

४

**फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३३,०७,६२,२८७।१४ मौज्दात रहेकोमा यो वर्ष रु. ३२,९३,९७,९०४।१४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१३,६४,३८३।१४घटी जिम्मेवारी सारेको देखिन्छ । यस सम्बन्धमा मालाखेती अस्पताल कोषको रकम समेत गत बर्ष सञ्चित कोषमा जम्मा भएकोमा यस बर्ष उक्त रकम सम्बन्धित अस्पताललाई नै भुक्तानि दिएकोले उक्त रकम घटि देखिएको कार्यालयको भनाई रहेको छ । जिम्मेवारी नै फरक पारि सार्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

५

**फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २,३७,८७,०८३।, यस वर्षको प्राप्ति रु. १,२६,३१,७३३।, यस वर्षको भुक्तानी रु. १,२६,३१,७३३।र बैङ्क मौज्दात रु.११,१५,३५०।फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२ | ३६२६४६३८८.५४ | १०११११३०२५.५७ | १०३०८८८५६३.४९ | ३४२८७०८५०.६२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३४५९९५०६९.१४ | १२६३१७३३ | ८८०३२३१.५ | १५२९५२६१.६२ |
| फरक | १६६५१३१९.४ | १२६३१७३३ | १२६३१७३३ | १११५३५० |

६

**आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन । यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छनः

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएका म ले प फा नं मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन,<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन ,<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br><br>• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन,<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br><br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ,<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ,<br><br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ,<br><br>• प्रचलित कानुन अनुसार लेखा समित गठन नगरेको, गठन गरे पनि म ले प प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन ,<br><br>• प्रदेश लोक सेवा आयोगको परामर्श लिएर कर्मचारीको स्तर बृद्धि गरेको पाइएन ,<br><br>• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन , | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br><br>• सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन ,<br><br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन ,<br><br>• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गर्नु पर्नेमा नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गरेको पाइएन,<br><br>• पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन ,<br><br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन ,<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ,<br><br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ,<br><br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन , स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ,<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन ,<br><br>• दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन ,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन ,<br><br>• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन , | |

| | | | | |
|---|---|---|---|---|
| | | | • यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन ,<br><br>तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ७ | | | **भुक्तानि सिफारिस**<br><br>प्राविधिक तथा अन्य शाखाहरूबाट आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक अन्य कागज पत्रहरू सहित सिफारिसको लागि म.ले.प. फाराम नं.२०२ को ढाँचामा भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनु पर्नेमा सिफारिस पत्र नलिई भुक्तानी दिने गरेको देखियो । आर्थिक प्रशासन शाखाले भुक्तानी दिदा सिफारिस पत्र लिएर भुक्तानी दिने व्यबस्था हुनुपर्दछ । | |
| ८ | | | **बजेट सिमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पूर्ण परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १० | | | **क्षेत्रगत बजेट र खर्च** | |

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | 129590000 | 93726659.2 | ९।७ |
| २ | पूर्वाधार विकास | 351209000 | 175403798 | १८।१५ |
| ३ | सामाजिक विकास | 589166000 | 502126788.26 | ५१।९ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 35438000 | 29420723 | 3.0४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 188847000 | 165755973.62 | १7.१५ |
| **जम्मा** | | **1294250000** | **966433942.03** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा मा सबैभन्दा बढी ५१।९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ३.०४ प्रतिशत रहेको छ ।

११

**चौमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । (रु. हजारमा)

| | | बजेट र खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
|---|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>बजेट उपशीर्षक</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>७३६९६७।</td><td>६५२०६६।४६</td><td>१९३९०७.८०</td><td>१२४७९७.४५</td><td>२७८८८७.००</td><td>२२९९७३.००</td><td>१५७९५८.८०</td><td>२९७२९५.९४</td></tr>
<tr><td>२</td><td>पुंजीगत खर्चतर्फ</td><td>५५७२८३।</td><td>३१४३६७।४७</td><td>५५६३४।</td><td>१६१४१.७४</td><td>२२२२४५।</td><td>८४१११।८०</td><td>१२३९५७।</td><td>२१४११३।९३</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.९६,६४,३३,९३०। निकासा भएकोमा प्रथम चौमासिकमा रु.१४,०९,३९,१९०। अर्थात १४।५८ प्रतिशत, दोश्रो चौमासिकमा रु.३१,४०,८४,८००। अर्थात ३२।५ प्रतिशत, तेश्रो चौमासिकमा रु. ५१,१४,०९,८७०। अर्थात ५२।९२ प्रतिशत गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१५,५३,२३,९००।अर्थात १६।०७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
खर्च विश्लेषण
पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.१२०७१६५९९।७६राजस्व बाँडफाँड र अनुदानबाट रु.१०७०२८०२१३। समेत रु.११९०९९६८१२।७६आम्दानी भएकोमा चालु तर्फ रु.६५२०६६४६३।०८र पूँजिगत तर्फ रु.३१४३६७४७९।र बित्तीय ब्यबस्था तर्फ रु.३६९९५८५६१.२६समेत रु.१३३६३९२५०३।खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ९।०३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.११७५५५००। खर्च भएको छ जुन आन्तरिक आय रु.१२०७१६५९९।७६ को ९।७४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३७।०१ प्रतिशत चालु र १७।८५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>बैंक हिसाब मिलान</td><td></td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | 283137017.15 | 204728876.10 | 78408141.05 |
| चालु खर्च खाता | 0 | 1203131.84 | -1203131.84 |
| पुँजीगत खर्च खाता | 0 | 133222161.30 | -133222161.30 |
| विविध खर्च खाता | 5362570.2 | 20057390.09 | -15245394.29 |
| विपद व्यवस्थापन खाता | 15295261.62 | 8970932.99 | 6324328.63 |
| स्थानीय विभाज्य कोष | 0 | 0 | 0 |
| कर्मचारी कल्याण कोष खाता | 12354251 | 12354251 | 0 |
| धरौटी | 19618508.15 | 19718508.15 | -100000 |
| ग१.१, आन्तरिक राजस्व खाता | 0 | 36418542.14 | -36418542.14 |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | 0 | 44132437.53 | -44132437.53 |
| **जम्मा** | **३३५७६७६०८।१** | **४८,०८,०६,२३१।१** | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **बार्षिक खरिद योजना /गुरुयोजना** | |

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३१,४३,६७,४७९। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१५ **योजनाको प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल ७७५ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३१३ | ५८ | ११३ | १४२ |
| २. | वडास्तरीय | ४६२ | ४ | ५७ | ४०१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **प्रगति प्रतिवेदन**

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १७ | | | **संचित कोषमा स्थानान्तरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१२,०३,१३१।, पुँजीगत खातामा रु.८०,५५,३६०।, आन्तरिक राजस्व खातामा रु.३,६४,१८,५४२।, राजस्व बाँडफाँड खातामा रु.४,४१,३२,४३७।५३ समेत रु. ८,९८,०९,५९३।८१ मौज्दात रहेको पाइयो । उक्त रकम श्रावण महिनामा मात्र सञ्चित कोषमा स्थानान्तरण गरेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| १८ | | | **कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.३०,००,०००। ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकोले यसमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १९ | | | **प्रकोप व्यवस्थापन कोष तर्फ** | |
| १९.१ | | | यस कोषमा गत बर्षको मौज्दात रु.१,११,५५,३५०। रहेकोमा सोबाट यस बर्ष रु.१४,२८,०७२। खर्च गरी रु.९७,२७,२७८। मौज्दात रहेको छ । उक्त कोषबाट भएको खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । | |
| १९.२ | २६ | २०७९-३-१७ | **सोध भर्ना नभएको-** क्यान्सर, ल्युकमेनिया, कडनी रोगी ५ जनालाई संघीय स्वास्थ्य मन्त्रालयबाट सोधभर्ना हुने गरी प्रतिव्यक्ति रु.७५,०००। भुक्तानी दिएकोमा लेखापरीक्षण समय २०७९ पुससम्ममा पनि सोधभर्ना नभएकोले सोधभर्ना हुनपर्ने रु. | ७५,००० |
| १९.३ | | | **उदेश्य बिपरितको खर्चः** यो कोष बिषेशत दैबी प्रकोपमा परेकालाई सहयोग तथा व्यबस्थापन तथा दैबी प्रकोपबाट जोगिनका लागि पूर्ब तयारी स्वरुप गरिने कामका लागि स्थापना भएको देखिन्छ । तर यस कोषबाट बिभिन्न प्रकारका बिरामीलाई औषधी उपचार बापत नगदै रकम वितरण गरेको देखिन्छ । यसरी रकम बितरण गर्ने प्रयोजनका लागि अन्य कार्यक्रमबाट बजेट व्यबस्था भएको देखिएकोले यस कोषबाट बिभिन्न प्रकारका बिरामीलाई | |

| | | | | |
|---|---|---|---|---|
| | | | औषधी उपचार बापत सोधभर्ना हुने गरी भुक्तानी दिएको रु.७५,०००। समेत रु.३,०७,०००।नगदै रकम वितरण गरेको कार्य कोषको उदेश्य बिपरितको खर्च देखियो । यस्तो प्रकारले खर्च गर्ने कार्य नियन्त्रण हुनुपर्दछ । | |
| १९.४ | | | **बिजुली जडान खर्च-** यस कोषबाट कोष गठनको उदेश्य विपरित खर्च गर्नु मनासिब देखिदैन । तर गो भौ २८/०७९।३/२२ बाट वडा नं १ बस्ने श्री भीम बहादुर चन्दलाई निजको घरमा बिद्युत जडान वापत भनि रु.९,०००।भुक्तानी दिएको कार्य मनासिब देखिएन । कोष गठनको उदेश्य विपरित भुक्तानी दिएको कार्य मनासिब देखिएन रु. | ९,००० |
| २० | | | **रकमान्तर**<br><br>नगरपालिकाको विनियोजन ऐन, २०७८ को दफा ३.(२) मा कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने व्यबस्था छ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने व्यबस्था छ ।तर दफा ३.(५) बमोजिम २५ प्रतिशतभन्दा बढी र शीर्षक नै परिवर्तन गर्नुपर्ने भएमा नगर सभाले गर्न सक्ने व्यबस्था छ । तर यस पालिकाको २०७८।११।२२ मा बसेको कार्यपालिकाको बैठकले कार्यक्रमगतरुपमा बाँडफाँड नगरी राखेको (अबंडा) पुँजीगततर्फका बिभिन्न बजेट शीर्षकबाटसमेत रु.५,६३,७७,०००। र चालू तर्फबाट रु.६३,००,०००। समेत कुल रु.६,२६,७७,०००। रकम पूँजिगत शीर्षकमा निम्न अनुसार २५ प्रतिशतको सीमा समेत कटने गरी निम्न अनुसार ७३१ प्रतिशतसम्म रकमान्तर गरेको देखियो । | |

| क सं | **घटाउने/कटौती** | | | | | | कारण |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/कृयाकलाप | व. उ. शी.नं. | श्रोत | स्वीकृत बजेट | घटाउने | कायमहुने बजेट | |
| १ | विभिन्नवडा कार्यालय भवन निर्माण | ३१११२ | संघीयसमानी | २३५००००० | १५५००००० | ८०००००० | निर्माण नहुने |
| २ | सवारी साधनखरिद | ३११२१ | संघीयराजस्व | १०००००० | ८०००००० | २०००००० | खरिद नहुने |
| ३ | पूजिगतपरामर्श सेवा | ३११३५ | संघीयसमानी | १२०००००० | २०००००० | १०००००० | खर्च नहुने |
| ४ | मर्मतसम्भार कोष | ३११५१ | संघीयसमानी | ४०००००० | १३७७००० | २६२३००० | बचत हुने |
| ५ | जग्गाप्राप्ती खर्च | ३१४११ | प्रदेशसमानी | २६३५००० | २६३५००० | ० | खरिद नहुने |
| ६ | जग्गाप्राप्तिखर्च | ३१४११ | आन्तरिक | १९८६५००० | १९८६५००० | ० | खरिद नहुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | विभिन्नसडक कालोपत्रे | ३११५१ | संघीयसमानी | ६००००००० | ५००००००० | ५५०००००० | बचत हुने |
| ८ | तालतलैयासंरक्षण र व्यवस्थापन | ३११५७ | आन्तरिक | १०००००० | १०००००० | ० | खर्च नहुने |
| ९ | अत्तरियाबसपार्क व्यवस्थापन | ३११५९ | आन्तरिक | १०००००० | १०००००० | ० | खर्च नहुने |
| | **जम्माः** | | | **१३४००००००** | **५६३७७०००** | **७७६२३०००** | |
| सि.नं. | **बढाउने/थप** | | | | | | |
| | कार्यक्रम/कृयाकलाप | ख.शी.नं. | श्रोत | स्वीकृत बजेट | बढाउने | कायम हुने बजेट | बढेको प्रतिशत |
| १ | फर्निचरतथा फिक्चर्स | ३११२३ | संघीयराजस्व | १३००००० | ९५००००० | १०८००००० | ७३१ |
| ३ | मेशिनरीतथा औजार | ३११२२ | संघीयसमानी | २०००००० | ६०००००० | ८००००० | ३०० |
| ४ | विभिन्नकल्भर्ट निर्माण | ३११५१ | संघीयसमानी | ५०००००० | १६१७००००० | २११७००००० | ३२३ |
| ७ | विभिन्नसडक ग्राभेल | ३११५१ | संघीयसमानी | ५०००००० | ५०००००० | १०००००००० | १०० |
| ८ | विद्युत संरचना निर्माण | 31153 | संघीयसमानी | ४०००००० | १५००००० | ५५००००० | ३८ |
| ९ | तटबन्धनतथा बाँध निर्माण (ग्याभिन जाली खरिद र वितरण समेत) | ३११५४ | संघीयसमानी | १४५००००० | ३०००००० | १७५००००० | २१ |
| १० | सिंचाई सम्बन्धि योजनाहरु | ३११५५ | संघीयसमानी | ७५००००० | १५००००० | ९०००००० | २० |
| ११ | खानेपानीयोजना तथा पाइप खरिद | ३११५६ | आन्तरिक | ५०००००० | ३६००००० | ८६००००० | ७२ |
| १२ | वन तथावातावरण संरक्षण | ३११५७ | आन्तरिक | १०००००० | २००७००० | ३००७००० | २०१ |
| १३ | ढल निकाससम्बन्धि योजनाहरु | ३११५८ | संघीयसमानी | १३५००००० | १५००००० | १५०००००० | ११ |
| १४ | ह्युमपाइपखरिद र व्यवस्थापन | ३११५९ | संघीयसमानी | ५०००००० | २४००००० | ७४००००० | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | माँगमा आधारित अन्य निर्माण तथा सुधार | ३११५९ | संघीयसमानी | ४०००००० | १०५००००० | १४५००००० | २६३ |
| | **जम्माः** | | | **६७८००००००** | **६२६७७०००** | १३०४७७००० | ९२ |

उल्लेखित व्यहोरा अनुसार रकमान्तर गरेको रकमबाट निम्न अनुसार थप कार्यक्रम गर्ने गरी कार्यक्रम तयार गरेको देखियो ।

| **क सं** | **कामको विबरण** | **योजना संख्या** | **रकम रु हजारमा** |
|---|---|---|---|
| 1. | कालोपत्रे | २ | ३००० |
| 2. | सडक ग्राभेल | २१ | ६७७५ |
| 3. | भवन निर्माण | ६ | ५३०० |
| 4. | अन्य निर्माण | १२ | ४८०० |
| 5. | ढल निकास | ६ | ५२०० |
| 6. | तटबन्धन | ५ | २३७५ |
| 7. | सिँचाई बोरिङ्ग | ४० | ७०३५ |
| 8. | खानेपानी | २० | ७७५० |
| 9. | धार्मिक मठ मन्दिर | ३२ | ८०३० |
| 10. | सामग्री खरिद | १५ | ४१०८ |
| 11. | खेलकुद | ९ | ४६३० |
| 12. | कल्भर्ट निर्माण | ३ | १५०० |
| 13. | अनुदान सहयोग | ५ | १४५० |
| 14. | आर्थिक सहायता | ७ | २६५ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>15.</td><td>बिबिध</td><td>२</td><td>६००</td></tr>
<tr><td>16.</td><td>अन्य बिभिन्न कार्यक्रम संचालन तथा अनुदान</td><td>१२</td><td>८२५६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>197</td><td>71074</td></tr>
</table>
रकमान्तरबाट थप भएका कार्यक्रम परीक्षण गर्दा कतिपय कार्यक्रम व्यक्ति वा संस्थाको नाम नै उल्लेख गरी व्यक्ति वा संस्थालाई मात्र लाभ हुने कार्यक्रमका लागि बजेट बाँडफाँड गरेको पाइयो । आर्थिक बर्षको कुल २ तिहाई अबधि समाप्त हुन लाग्दा र बिनियोजन ऐन अनुसार कार्यपालिकाले २५ प्रतिशतको सीमा भित्र रहेर रकमान्तर गर्न सकिने व्यहोरा उल्लघंन हुने गरी सिमित व्यक्ति वा संस्थालाईमात्र लाभ पुग्ने गरी गरिने कार्य मनासिब देखिदैन ।यस्ता कार्य नियन्त्रण हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>गत वर्षको भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकि ब.उ.शि.नं. ८०७७७४०१००१ कर्मचारी प्रोत्साहन तथा पुरस्कार र सवारी साधन र मेशिनरी औजार भाडा बापत रु २,४८,४७८। र ब.उ.शि.नं.८०७७७४०१५११बाट संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शिक्षकको तलब छुट बापत रु १,१३,१७५। गरि कुल रु.३,६१,६५३। गत बर्षको ढिलो पेश भएको र बजेट अपुग भएको कारण देखाइ यस बर्ष भुक्तानि भएको छ । समयमानै रकम माग गर्ने र बजेटले खाम्ने गरि मात्र कार्यक्रम सञ्चालन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>न्यायीक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४३ र यो बर्ष थप भएको ९० गरी कुल १३३ विवाद दर्ता भएकोमा १०८ वटा मात्र फस्यौट भई २५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **आर्थिक सहायता**<br><br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.३,०००। देखि रु.५,००,०००। सम्म गरी कुल रु.२०,००,१९८।आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२१,९७,७८,०९३।३७ को ०.९१ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ । | |
| २४ | | | **स्वकीय सचिव र सल्लाहकार –**<br><br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखका लागि स्वकीय सचिवमा श्री योगेन्द्र वहादुर सिँह दिलिप कुमार साउँद र शोभा रावललाई नियुक्त गरी तलब, प्रोत्साहन र परिवहन गरी कुल रु.५,४७,२६०।भुक्तानी भएको छ ।यस्तो कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।ऐनमा नभएको सुविधा स्वकीय सचिव र सल्लाकार नियुक्ती गरी खर्च गर्नु नियम सम्मत देखिएन रु. | ५४७,२६० |
| २५ | | | **सवारी साधन खरिद**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन खरिदमा रु.१६,२३,०४६।८७ खर्च गरेको छ । आवश्यक्ताको विश्लेषण गरी मितव्ययी रुपमा खरिद गर्ने व्यवस्था हुनुपर्दछ । | |

| सि.नं | सवारी साधन | संख्या | खर्च स्रोत | रकम |
|---|---|---|---|---|
| १ | मोटरसाइकल/स्कुटर | ८ | आन्तरिक आय | १६,२३,०४६।८७ |
| | **जम्मा** | | | १६,२३,०४६।८७ |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **कोरोना भाइरस ( कोभिड -१९) रोकथाम तथा नियन्त्रण कोषतर्फ** | |

| | | | | |
|---|---|---|---|---|
| | | | उक्त कोषमा गत बर्ष रु.१,२९,४३,१४३।१२ मौज्दात रहेकोमा यस बर्ष रु.५५,६७,९८३।६२ खर्च भई रु.७३,७५,१५९।५० मौज्दात रहेको देखाएको छ । उक्त कुल खर्च रकमबाट निम्न अनुसार खर्च भएको व्यहोरा बैक नगदी किताब, गोश्वारा भौचरहरु लगायतका कागजात परीक्षण गर्दा देखिएको छ । | |
| २७ | | | **आन्तरिक आय** | |

| क सं | बापत | रकम |
|---|---|---|
| १ | स्यानीटाइजर र मास्क | १३,८५,७४०।६२ |
| २ | एन्टीजेन किट | ३,८४,९९५। |
| ३ | २५ बेड, म्याट्रेस, पिल र बेडसिट | ४,९९,४९९। |
| ४ | खाद्यान्न बितरणका लागि | ४,७९,६९९। |
| ५ | सामसुङ्ग फ्रिज | ४४,४९०। |
| ६ | भत्ता र परिवहन | ७,७४,८५७। |
| ७ | ३६ प्रकारका बिभिन्न औषधी | १९,४८,४१३। |
| ८ | आइसोलेसन सेन्टर निर्माण | ४३,२९०। |
| ९ | सर्बेक्षण फाराम | ७,०००। |
| | जम्मा | ५५,६७,९८३।६२ |

पालिकाले उक्त खर्चमध्ये रु.१९,४८,४१३। मुल्यका औषधी एस आर ल्यावोरोटरिज प्रा लि बाट उत्पादन भई सुबिसु मेडिसिन सप्लायर्स काठमाण्डौंबाट बिक्री हुने गरी औषधिको बिक्री मुल्य प्रभाव राष्ट्रिय खबर दैनिक पत्रिकामा २०७८।४।२८ मा प्रकाशित दरमा खरिद गरेको बाहेक अन्य सबै खरिद गरिएका स्वास्थ्य सामाग्री पटक पटक सोझै अर्थात सिलबन्दी दरभाउ पत्र वा बोलपत्र बेगर नै खरिद गरेको छ ।यस्तो प्रकृयाबाट खरिद गर्दा पालिकाले पाउन सक्ने प्रतिस्पर्धाको लाभ गुमाएको छ । पालिकालाई आबश्यक सामाग्रीहरु खरिद गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी खरिद गर्ने प्राथमिकता दिनु आबश्यक देखिन्छ ।

<table>
<tr><td></td><td></td><td></td><td>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।(रु. हजारमा)
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>पालिका बाटै संकलित आन्तरिक आय</td><td>राजश्व बाँडफाँडबाट प्राप्त आय</td><td>कुल आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>६७२०९८</td><td>१२०७१७</td><td>२६६८७९</td><td>१७४९९४०</td><td>६।९०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १७।९६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
विविध खर्च<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु.४४,१८,६९८। र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रु.३,३७,६२६।समेत कुल रु.४७,५६,३२४।खर्च गरेको छ । सो उक्त खर्च पालिकाको आन्तरिक आय रु.२१,९७,७८,०९३।३७ को २.१६ प्रतिशत हुन आउछ । यस्ता खर्च नियन्त्रण हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
पेश्की बाँकी -<br><br>
आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेश्की दिने र फर्स्यौट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ ।यसका अतिरिक्त निर्माण व्यबसायीलाई निर्माण कार्यका लागि मोबिलाइजेसन प्रयोजनलाई दिएको पेश्की उक्त नियमावली र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) बमोजिम फर्स्यौट हुनुपर्ने देखिन्छ ।पालिकाले तपशिल बमोजिमको मोबिलाइजेसन पेश्की र म्याद नाघेको कर्मचारी पेश्की समयमा नै फर्स्यौट गर्नु पर्दछ रु.
<table>
<tr><td rowspan="2">सि.नं.</td><td rowspan="2">पेश्की लिएको मिति</td><td rowspan="2">गो. भौ.</td><td rowspan="2">पेश्कीको विवरण</td><td rowspan="2">पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td rowspan="2">खर्च उपशिर्षक</td><td colspan="2">जम्मा बाँकी पेश्की</td><td></td></tr>
<tr><td>म्याद ननाघेको</td><td>म्याद नाघेको</td><td>जम्मा</td></tr>
</table>
</td><td>१८१,०००</td></tr>
</table>

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | निर्माण व्यवसायी | | | | | | | | | |
| | | | १ | २०७८/६/२५ | २० | गौरी हरैया मगर टोल र शान्ती टोल सडक कालोपत्रे | नागार्जुन कन्स्ट्रक्सन | ३११५१ | १५०००० | | १५०००० | |
| | | | २ | २०७८/९/२६ | ८६ | शान्ती टोल मजगाँउ जमुनानगर र श्रीपुर सडक कोलोपत्रे | सुमन कनस्ट्रक्सन | ३११५१ | ५२५८०० | | ५२५८०० | |
<tr><td>६३</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्न<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>सामाजिक सुरक्षा वितरण<br><br>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत विभिन्न १० बैंकबाट जम्मा रु. २९,७९,८६,५७०। वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:-</td><td></td></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>मुत्यू पश्चातको समेत भत्ता वितरण-सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले वडा नं १ र ३ को लाभग्राहीहरूका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैंकले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरूको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरूको विवरण अपडेट गरि मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरूको लगतकट्टा गरि बैंकलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले केहि मृत व्यक्तिहरूको खातामा समेत रकम जम्मा भएको पाइयो। अत : मृत व्यक्तिलाई भुक्तानी भएको रकम रू. १,०४,४३१ असुल गर्नुपर्ने रू.
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>परिचय पत्र नम्वर</th><th>वढी भुक्तानी भएको रकम</th></tr>
<tr><td colspan="4">पहिलो चौमासिक</td></tr>
<tr><td>१</td><td>माता कुन्जेडा(१ नं वडा)</td><td>१९८८१२३०५४२२८</td><td>५,९३५।</td></tr>
<tr><td>२</td><td>झुपरी देवी भट्ट(१ नं वडा)</td><td>१९८९१००५००६५४</td><td>७,७४२।</td></tr>
<tr><td>३</td><td>कालु सिंह सुनार(३ नं वडा)</td><td>२००११२३१६४५३१</td><td>४,२५८।</td></tr>
<tr><td>४</td><td>शान्ति देवी साउद(७ नं वडा)</td><td>१९९९०१०१३०२०३</td><td>९,०००।</td></tr>
</table></td><td>१०४,४३१</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ५ | पार्वती कामी (८ नं वडा) | २०२१०४०४००२४८ | ४,५४७। |
| ६ | छविलाल भट्ट (१० नं वडा) | १९९००२१५०१८५४ | १,२९०। |
| ७ | रामलाल बुढाथोकी (२ नं वडा) | १९९९१२३१६०६०५ | ३,३३३। |
| ८ | अमर ध्वज बिष्ट (२ नं वडा) | १९८६१२३०३४१०९ | ६,०६८। |
| ९ | मिना सार्की (३ नं वडा) | २००५०८२०००४०४ | ४,६९०। |
| १० | भागरथी भुल (५ नं वडा) | १९९९१०२०००९१ | १,७३३। |
| ११ | बाधु राम डगौरा (६ नं वडा) | २००१०२०३०६५७३ | ३,८६६। |
| १२ | डम्मरी देवी ओली (७ नं वडा) | १९९३०१०१२२०६२ | ५,२४१। |
| १३ | मना देवि कुवर (११ नं वडा) | १९९५०२१८००५७८ | ७,५८६। |
| १४ | जाउले कमि (१२ नं वडा) | २००५१२३०८५२५७ | ६,३४४। |
| १५ | औस्या चौधरी (२ नं वडा) | १९९५१०१९००४३९ | १,३३३। |
| १६ | भिमा देवी खड्का (८ नं वडा) | २०००१२१२०३३७४ | ८,०००। |
| १७ | तुले कामी (१० नं वडा) | १९९६१०२५००५२५ | ४,४००। |
| १८ | नरी कामी (३ नं वडा) | २००५०११४००६५९ | १०,३२२। |
| १९ | सीया राम डगौरा (८ नं वडा) | २००४०२२१०१४६३ | ३,०००। |
| २० | राम बहादुर चौधरी (९ नं वडा) | १९९४१२३११२८०५ | ३,२५०। |
| २१ | फुंगी देवि ढोली (१० नं वडा) | २०१५०११००१०४३ | २,४९३। |
| **जम्मा** | | | **१,०४,४३१।** |

| | | | | |
|---|---|---|---|---|
| ६४.२ | | | **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था छ। पालिकाले यस वर्ष बैकं मार्फत रू. २९,७९,८६,५७०। सामाजिक सुरक्षा वितरण गरेको छ। बैकंवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैकंमा पठाएको र बैकंले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले वेलामा लगत अद्यावधिक नगरेका कारण बैकंलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकंले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरू एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ६४.३ | | | **के वाइ सी अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ६४.४ | | | **निष्क्रिय खाताको विवरण नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ६५ | | | **प्रोत्साहन भत्ता -**<br><br>नेपाल सरकार अर्थमन्त्रालयले जारी गरेको कार्यसञ्चालन निर्देशिका, २०७७ को नियम ७.१.४ मा अतिरिक्त समयमा गरिने काम र सेवाबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायि अधिकृतबाट प्रमाणित गराइ प्रोत्साहन भत्ता दिन मिल्ने तर अनिवार्यरुपमा विद्युतिय हाजिरि लागु गर्नुपर्ने व्यवस्था छ ।कामको चाप पर्ने सिभिल ईन्जिनियरिङ समुह, लेखा शाखा र कार्यालय प्रमुखलाई सुरु तलव स्केलको ४० प्रतिसत र अन्य सम्पुर्ण कर्मचारीलाई १५ प्रतिसतका दरले प्रोत्साहन र परिवहन सहित रु.१,१२,८३,९९८। र नगर सभामा खटेका १२२ कर्मचारीलाई १० दिनको तलब बराबरको रकम रु.११,२०,७३८। गरी कुल जम्मा रु.१,२४,०४,७३६। खर्च लेखेको छ ।उक्त रकम खर्च गर्दा निर्देशिकाको व्यवस्था कार्यान्वयन नगरी खर्च लेखेको देखिएकोले उक्त खर्च मनासिब देखिएन ।उल्लेखित व्यहोरा अनुसार खर्च लेख्दा कार्यबिधिले तोकेको सबै व्यहोरा पालना गरेर मात्र खर्च लेख्ने व्यबस्था हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **वढी ग्रेड भुक्तानी -** | १११५,२८३ |

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले तपसिलबमोजिमका कर्मचारीको तलव भत्ता भुक्तानी गर्दा तलवि प्रतिवेनमा पारित भए भन्दा वढी संख्यामा ग्रेड वापतको रकम भुक्तानी गरेको पाईयो । वढी भुक्तानी भएको ग्रेड वापतको रकम असुल गरि संचितकोषमा दाखिला गर्नु पर्ने रु.

| क.स | कर्मचारीको नाम | पारित ग्रेड रकम रु. | भुक्तानी भएको ग्रेड रकम | महिना (पर्व खर्च सहित) | वढी भएको रकम |
|---|---|---|---|---|---|
| 1. | देवराज जोशी | ७.०६५ | ८४७८ | १२ | १६,९५६। |
| 2. | दिव्य कुमार जोशी | ८,०५६। | १०,०७०। | १२ | २४,१६८। |
| 3. | हिक्मत व साउद | ७,०४९। | ९,०६३। | ११ | २२,१५४। |
| 4. | विर वहादुर मल्ल | ६,०४२। | ७,०४९। | १२ | १२,०८४। |
| 5. | गंगा दत्त पाण्डेय | ५,०३५। | ६,०४२। | ८ | ८,०५६। |
| 6. | गणेश राज पनेरु | ५,०३५। | ६,०४२। | ७ | ७,०४९। |
| 7. | ज्ञानेन्द्र कुमार भट्ट | ६,०४२। | ७,०४९। | ८ | ८,०५६। |
| 8. | केशव राज पाण्डेय | ५,०३५। | ६,०४२। | २ | २,०१४। |
| 9. | गोदावरी खत्री धामी | १,२६७। | २,८२६। | ७ | १०,९१३। |
| 10. | प्रयाग राज जोशी | ४,२३९। | ५,६५२। | २ | २,८२६। |
| 11. | प्रभा हमाल | ५,०३५। | ६,०४२। | १ | १,००७। |
| जम्मा | | | | | १,१५,२८३। |

| | | | | |
|---|---|---|---|---|
| ६७ | | | **परिवहन र खाजा खर्च** | २,११२,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१/२१ को निर्णयानुसार दरवन्दि भित्रका करार कर्मचारीहरुलाई दिने सुविधा सम्बन्धि मिति २०७४/१/२५ को पत्राचारमा करार कर्मचारीहरुको सुविधामा स्थानिय भत्ता र महङ्गि भत्ता लगायतका अन्य भत्ता नपर्ने भएको हुँदा करार कर्मचारीहरुलाई परिवहन भत्ता उपलब्ध गराउन नहुने देखिन्छ । यस पालिकाले विभिन्न पदमा ६४ जना करारमा कर्मचारीहरु नियूक्ती गरी प्राविधिक कर्मचारीलाई रु.३,०००। र अन्य कर्मचारीलाई रु.२,०००। का दरले वर्षभरीमा रु.१६,०८,०००। परिवहन भत्ता र सवारी चालकलाई मासिक रु.३५,०००।का दरले १२ जनालाई वर्षभरीमा रु.५,०४,०००।खाजा खर्च उपलब्ध गराएको पाइयो । मन्त्रिपरिषदको निर्णय विपरित करार कर्मचारीहरुलाई भुक्तानी भएको खाजा खर्च र परिवहन खर्च मनासिब देखिएन रु . | |
| ६८ | ३३१ | २०७८-९-३० | **बैठक भत्ता -**<br><br>अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका २०७७ को ७.१.१मा स्पस्ट विषय वस्तु कार्ययोजना तथा कार्य शर्त सहित वैठक वस्नु पर्ने र एउटै निकाय वा अन्तरगतका पदाधिकारी कर्मचारीमात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाईने व्यवस्था छ ।यसैसम्बन्धमा गोदावरी नगरपालिकाकोखर्चको मापदण्ड सम्वन्धि निर्देशिका,२०७६ मा कार्यालय समयमा वसेको वैठकको भत्ता उपलब्ध नगराउने उल्लेख छ । तर निम्न बमोजिमका कर्मचारी कार्यालय समयमा वसेको बैठक भत्ता वापत रु. ३१,८७५। खर्च लेखेको छ ।खर्च मापदण्डमा व्यवस्था भए विपरित भत्ता उपलब्ध गराउनु मनासिव देखिएन रु.३१,८७५। | ३१,८७५ |

| क्र.स | बैठक सम्वन्धी व्यहोरा | नाम | वैठक संख्या | रकम |
|---|---|---|---|---|
| १ | प्राविधिक कर्मचारी भर्ना सम्वन्धि वैठक | खेमराज विष्ट | ४ | ५१००। |
| २ | | बसन्त कुमार खत्री | ४ | ५१००। |
| ३ | | राम वहादुर सार्कि | ४ | ५१००। |
| ४ | | टेक वहादुर साउद | ४ | ५१००। |
| ५ | | सजित बास्कोटा | ४ | ५१००। |
| ६ | | केशव राज पाण्डेय | १ | १२७५। |
| ७ | | सहदेव भट्ट | २ | २५५०। |
| ८ | | लक्ष्मि प्रसाद जोशि | २ | २५५०। |
| जम्मा | | | | ३१,८७५। |

| | | | | |
|---|---|---|---|---|
| ६९ | | | **ज्यालादारी कर्मचारी -**<br><br>पालिका भित्रको फोहर व्यवस्थापनको लागी पालिकाले प्रमल सिँह महरालाई सुपरभाईजर पदमा मासिक रु.२२,०००। का दरले, जमुना देउजा र जिविका साउदलाई वजार प्रतिनिधि पदमा मासिक रु.१८,५००।का दरले साथै आठ जना स्वीपर प्रत्येकलाई मासिक रु.१६,०००।का दरले र एक जना मालीलाई मासिक रु.६,०००।का दरले मासिक रुपमा प्रमाणीत हाजिरीका आधारमा पारिश्रमिक भुक्तानी दिने सम्झौता गरी वर्ष भरीमा हाजिरी प्रमाणित नगरी परिवहन वापत रु.२,८८,०००। र पारिश्रमिक वापत रु.२३,१६,०००। गरी कुल जम्मा रु.२६,०४,०००।खर्च लेखेको छ । काम गरेको देखिने स्पष्ट आधार प्रमाण बेगर ज्यालादारी कर्मचारीको पारिश्रमिक रकम भुक्तानी गर्नु मनासिव देखिएन । यस्तो कार्यमा पालिकाले सुधार गर्नु पर्दछ । | |
| ७० | | | **नर्म्स भन्दा बढी भुक्तानी -**<br><br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि.नं.४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट सञ्चालीत तालिम तथा गोष्ठीमा उपस्थित सहभागीलाई यातायात खर्च दिँदा २ दिन सम्मको लागि एकमुष्ट रु.२००। र २ दिन भन्दा वढीमा एकमुष्ट रु.५००।दिन सकिने उल्लेख छ। यसै सन्दर्भमा गोदावरी नगरपालिकाको खर्चको मापदण्ड सम्वन्धी निर्देशिका, २०७६ मा यातायात खर्च वापत रु.३००। दिने सकिने उल्लेख छ । नगरपालिकाले गणेश दाहालको नामको पे.फ गर्दा ६० सहभागीमध्ये ३० लाई रु.७६०। का दरले र अरु ३० लाई रु.३२०। का दरले यातायात खर्च उपलब्ध गराई रु.३२,४००।खर्च लेखेको छ । अपाङ्ग सम्वन्धी कार्यक्रममा सहभागीलाई यातायात खर्च दिँदा नर्म्सभन्दा वढी भुक्तानी दिनु मनासिव देखिएन।यस्तो कार्यमा सुधार गर्नुपर्दछ । | |
| ७१ | | | **ऐन बिपरितको कार्य -**<br><br>स्थानीय तहहरुले कर्मचारीहरुको पदपूर्ति, बढुवा, स्तरबृद्धि गर्दा अर्थात प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ उपदफा ४ (क), (ख), (ग) (ङ) र (च) मा उल्लेखित काम गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने, परामर्श नलिई गरेको भए ऐनको दफा ५५ बमोजिम आयोगले बदर गर्न सक्ने व्यवस्था उल्लेख छ । यस पालिकाको २०७८।३।१४ को सातौं नगर सभाबाट स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहन सुविधाका लागि व्यवस्था गर्न बनेको अन्तरिम ऐन, २०७८ जारी गरी श्रेणि विहिनदेखि अधिकृत सातौं तहसम्मका कर्मचारीलाई पालिकाले तोकेको अवधि पुगेमा एक स्तर बढुवा दिने र अवधि नपुगेकालाई २ ग्रेड थप गर्ने गरी ११ जनाको तलव तथा ग्रेड भुक्तानी गरेको देखियो । उक्त कार्य प्रदेश लोक सेवा आयोग ऐन बिपरित भएको र सो सम्बन्धमा प्रदेश लोकसेवा आयोगलेसमेत ऐन विपरितका कार्य नगर्न नगराउन सवै स्थानीय तहहरुलाई परिपत्रसमेत गरेकोले यस पालिकाको पाँचौ नगर सभाको निर्णयबाट गरेको स्तर बृद्धि र ग्रेड थपको कार्य ऐन बमोजिम भएको देखिएन । कर्मचारीहरुको पदपूर्ति, बढुवा, स्तरबृद्धि गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले तोकेको प्रकृया पुरा गरेरमात्र गर्ने व्यबस्था हुनुपर्दछ । | |
| ७२ | | | **सुरक्षित नागरिक आवास** | १००,००० |

<table>
<tr><td></td><td></td><td></td><td>(गो भौ मिति ७/०७८।१०।५) सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ को बुँदा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात बुँदा ५(४) वमोजिम स्थानिय तहसँग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई र प्रमाण र कागजात सम्लग्न हुनुपर्ने नियम ३९(१०) बमोजिम भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । तर यस पालिकाले सुरक्षित नागरिक आवासको पहिलो किस्ता बापत ९२ जनाको खातामा दुबै किश्ताको रकम पठाएको भने पनि निम्न व्यक्तिबाट आबश्यक बिल भरपाइ लगायतका कागजात पेश नभए पनि दुबै किस्ताको रकम उपलव्ध गराएको तोकिएका प्रमाण कागजात बेगर भुक्तानी दिएको रकम अशुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><td>क सं</td><td>गो भौ/ मिति</td><td>भुक्तानी पाउने</td><td>रकम रु.</td></tr>
<tr><td>१</td><td>१७/०७९।३।२५</td><td>सन्तोष थारु (वडा नं ९)</td><td>५०,०००।</td></tr>
<tr><td>२</td><td>१७/०७९।३।२५</td><td>तौला राना (वडा नं ९)</td><td>५०,०००।</td></tr>
<tr><td></td><td></td><td>जम्मा रु.</td><td>१,००,०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>मितव्ययी नभएको<br><br>पालिकाबाट गरिने सबै कार्य अन्य व्यहोराका अतिरिक्त मितव्ययी समेत हुनुपर्दछ ।तर गो भौ १३/२०७९/३/२४ बाटप्रति इकाई रु.७६,०००। पर्ने २ थान सामसुङ्ग A73 मोबाइल फोन कुल रु,१,५२,०००।भुक्तानी दिएर पालिकाका उच्च पदमा रहेको व्यक्तिलाई उपलव्ध गराएको जानकारी हुन आयो । पालिकाको आबश्यकता अनुसार सो भन्दा कम मुल्यका मोबाइल फोनबाट काम गर्ने सकिने नसकिने सम्बन्धमा बिश्लेषण नगरी उच्च मुल्य भुक्तानी गरी मोबाइल बितरण गर्ने कार्य मनासिब देखिएन । उक्त मोबाइल बुझिलिनेको विवरण लेखापरीक्षणका क्रममा माग गरेकोमा उपलब्ध भएन । उक्त मुल्यका मोबाइल बुझिलिनेको बिवरण सहित सहायक जिन्सी खाता अध्यावधिक गरी राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>निर्माण सामाग्री बितरण<br><br>नगरपालिकाले बिभिन्न निर्माण कार्य उपभोक्ता समिति वा निर्माण व्यबसायीमार्फत काम गराउँदा तारजाली सम्बन्धि काम भए उपभोक्ता समिति वा निर्माण व्यबसायीबाट नै गराउने र त्यसको नाप जाँच सहितको मुल्यांङ्कन गरी भुक्तानी दिने गरेको देखिन्छ ।उल्लेखित व्यहोरा अनुसार काम गराए पनि पालिकाको जिन्सी खाता परिक्षण गर्दा निम्न अनुसारका रु. ६५,१२,८४८।मुल्यका निर्माण सामाग्री प्रयोजन नखुलाई बिभिन्न व्यक्तिलाई भर्पाइ गरी बितरण गरेको देखिन्छ ।यसरी वितरण गरेका निर्माण सामाग्रीको उपयोगको सुनिश्चिताका लागि उपयोग गरेको स्थान सहित प्राबिधिक नाँप जाँच</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>गरी प्राप्त प्रमाण कागजात लिनु पर्नेमा सो समेत लिएको देखिदैन। त्यस्तै बितरण गर्दा के कस्ता मापदण्डका आधारमा वितरण गरिने हो खुलाएको छैन । मापदण्ड बेगर तथा नाप जाँच नगरे पनि हुने गरीनिर्माण सामग्री बितरण गर्ने कार्य मनासिब देखिदैन । यस्ता कार्य नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>क्र सं</th><th>सामानको नाम</th><th>संख्या</th><th>मुल्य रु.</th></tr>
<tr><td>१</td><td>पाइप</td><td>३९२५६ मिटर</td><td>२१,०३,७९७।९०</td></tr>
<tr><td>२</td><td>ह्युम पाइप</td><td>३३९ थान</td><td>४४,०९,०५०।१०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६५,१२,८४८।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>७५</td>
<td></td>
<td></td>
<td>मोबिलाईजेसन पेश्की जोखिममा

तल तालिकामा उल्लेखित क्र सं १ को ठेक्काबाट गरिने कामका लागि २०७९।३।१५ सम्ममा काम सम्पन्न गर्ने गरी २०७८।११।२ मा र क्र सं २ मा उल्लेखित ठेक्काबाट गरिने कामका लागि २०७९।३।१५ सम्ममा काम सम्पन्न गर्ने गरी २०७८।११।२३ मा ठेक्का सम्झौता भएको देखिन्छ ।
<table>
<tr><th>क्र सं</th><th>ठेक्का नं</th><th>निर्माण व्यबसायी</th><th>जमानतको म्याद</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१/०७८।७९</td><td>जगदम्बा निर्माण सेवा</td><td>२०७९।२।२३</td><td>४,५०,०००।</td></tr>
<tr><td>२</td><td>४/०७८।७९</td><td>जगदम्बा निर्माण सेवा</td><td>२०७९।२।२४</td><td>१४,००,०००।</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१८,५०,०००।</td></tr>
</table>

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेको वा अन्य मनासिव कारण परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा ७ दिन अगावै निवेदन दिनुपर्ने, त्यस्तो निवेदन प्राप्त भएपछि सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको कार्य समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन, सम्बन्धित सार्वजनिक निकायले निर्माण व्यवसायीलाई सम्झौता बमोजिम उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराएको थियो वा थिएन काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाइ भएको हो वा होइन जस्ता पक्षहरु विचार गरी निवेदनमा उल्लेखित कारण मनासिब देखिएमा म्याद थपको निर्णय गर्नु पर्नेमा उल्लेखित ठेक्का लगायत सबै ठेक्कामा २०७९ मंसिरसम्मका लागि नगर कार्यपालिकाको निर्णयले म्याद थप गरेको जानकारी हुन आयो । म्याद थप गर्नु पर्ने जायज कारण हो होइन बिश्लेषण तथा प्रमाण बेगर मोबिलाईजेसन पेश्कीको म्याद समेत सकिएको अबस्थामा पूर्ब निर्धारित क्षतिपूर्ति भुक्तानी गर्नुपर्ने दायित्वबाट निर्माण व्यबसायी उन्मुक्ति पाउने गरी म्याद थप गर्ने गरेको मनासिब देखिएन । यस्तो अबस्थामा ठेक्का सम्झौता अनुसार आबश्यक</td>
<td>१,८५०,०००</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कारबाही गरी मोबिलाईजेसन पेश्कीमा प्रचलित कानुन आनुसार लाग्ने सुद समेत गणना गरी पेश्की फर्स्योट गरी काम सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने रु. | |
| ७६ | | | **कन्टिन्जेन्सी खर्च**<br><br>सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था छ तर वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि रु.२० लाख ५३ खर्च गरेको जनाएको छ ।कन्टिन्जेन्सी खर्चको गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आवश्यक देखिन्छ । | |
| ७७ | | | **ठेक्का व्यबस्थापन**<br><br>यस पालिकाले यो आ ब मा ठेक्का सम्झौता गरेका र बिगत बर्षमा ठेक्का सम्झौता भई यस बर्ष चालू रहेका ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्ः | |
| ७७.१ | | | पालिकाबाट प्राप्त जानकारी अनुसार गत बितगमा सम्झौता भई यस बर्ष जिम्मेवारी सरेका ३२ र यस बर्ष निर्माण ठेक्का सम्झौता भएका (सिलबन्दी दरभाउ पत्र र बोलपत्र) समेत कुल ३८ ठेक्का सहित यस आ ब मा चालू रहेका ६० मध्ये ३१ ठेक्काको तोकिएको समयमा काम नभएको र काम सम्पन्न गर्ने समय सकिएको भए पनि नियमानुसारको प्रकृया पुरा गरी म्याद थप भएको व्यहोरा लेखापरीक्षण अबधिसम्म देखिएको छैन । सबै ठेक्काको नियमानुसार म्याद थप हुन नआए ठेक्का सम्झौता अनुसार पूर्ब निर्धारित क्षेतिपूर्ती अशुल गरी काम सम्पन्न गराउनु पर्दछ । | |
| ७७.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । यस्तो नगर्दा थोरै समयमा सकिने कामलाई तुलनात्मकरुपमा बढी र बढी समय लाग्नेलाई तुलनात्मकरुपमा घटी समयमा काम सम्पन्न गर्ने सम्झौता हुन सक्ने अबस्था आउन सक्ने हुँदा लागत अनुमान गर्दा नै काम सम्पन्न गर्ने लाग्ने समय खुलाउने र ठेक्का सम्झौता अनुसार सोही अनुसारको काम सम्पन्न गर्ने अबधि राखी सोही अनुसार काम सम्पन्न गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ७७.३ | | | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । यस पालिकाबाट ठेक्कापट्टा गरीएका सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको देखिन फोटो सहितका प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ७७.४ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क-६_मा रहेको छ । यस कार्यालय अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ७७.५ | | | सार्वजनिक खरिद नियमावली, २०६४तथा सम्झौता बमोजिम ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समयअनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार सबै ठेक्कामा कार्यतालिका अद्यावधिक गर्ने गरेको पाइएन ।जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुनेअवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा कार्य तालिका पेश गर्न लगाउने तथाम्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमनमुल्याँङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ७७.६ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको,ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ७७.७ | | | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेसिन,औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार सबै ठेक्कामा काम सुरु गर्ने बित्तिकै बीमाका प्रमाण लिने र ठेक्काको अबधि थप गर्दा बीमाको अबधि थप भए गरेको देखिने प्रमाण लिएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |

| | | | | |
|---|---|---|---|---|
| ७७.८ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ)अनुसार सार्वजनिक निकायले खरिदसम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फतनिर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति रनिर्माण व्यवसायी मार्फत गुणस्तर आस्वस्थता योजना Quality Assurance Plan पेशगर्न लगाई गुणस्तर परीक्षण प्रणालीलाई संस्थागत गराउनु पर्ने हुन्छ।पालिकाले निर्माणकार्यको गुणस्तर सुनिश्चितता केही निर्माण कार्यमा प्रयोग भएकानिर्माण सामग्री तथा निर्माण कार्यको प्रयोगशाला परीक्षण गराएको देखिए पनि अधिकाँश कामको परिक्षण गराएको पाइएन ।यसले गर्दा सबै निर्माण कार्यमा पर्याप्त गुणस्तर कायम भएकोछ भनिआश्वस्त हुन सकिने अवस्था छैन । अतः नियमावलीको प्रावधान अनुसार निर्माण कार्यकोगुणस्तर सुनिश्चित गर्न सबै निर्माण कार्यहरुको गुणस्तर परिक्षणलाई अनिवार्य गराउने र सो अनुसार गरेको देखिने स्पष्ट अभिलेख राख्ने तथा गुणस्तर परीक्षणका लागि पालिकाबाटै नमुना लिइ सरकारी निकायबाटै गुणस्तर परिक्षण गराउन प्राथमिकता दिने व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७७.९ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेको वा अन्य मनासिव कारण परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनुपर्ने, त्यस्तो निवेदन प्राप्त भएपछि सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको कार्य समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन, सम्बन्धित सार्वजनिक निकायले निर्माण व्यवसायीलाई सम्झौता बमोजिम उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराएको थियो वा थिएन काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाइ भएको हो वा होइन जस्ता पक्षहरु विचार गरी निवेदनमा उल्लेखित कारण मनासिब देखिएमा प्रत्येक ठेक्कागतरुपमा म्याद थपको निर्णय गर्नु पर्नेमा नगरसभाको मिति २०७८।३।१० को निर्णयबाट २०७७।७८ मा सम्झौता भई काम नसकिएका सबै निर्माण कार्यमा लागि २०७८।८।१५ सम्म, २०७८।९।१८ को कार्यपालिकाको निर्णयले २०७८ चैत्रसम्म, २०७९।१।४ को निर्णयले २०७७।७८ का ठेक्का लगायत निर्माण सम्पन्न हुन बाँकी सबै निर्माण कार्यका लागि २०७९ असारसम्म र २०७९।३।५ को निर्णयले २०७९ मंसिरसम्म म्याद थप गर्ने एकमुष्ट निर्णय गरेको छ । उक्त निर्णय उपभोक्ता समितिबाट गरिएको काममा पनि लागु हुने मानी काम गराएको देखिन्छ । प्रचलित कानूनमा उपभोक्ता समितिले तोकएको समयमा काम सम्पन्न नगरे म्याद थप सम्बन्धी स्पष्ट व्यहोरा नदेखिएको र अन्य ठेक्कामा पनि ठेक्कागत प्रकृया नगरी एकमुष्ट म्याद थप गर्ने व्यबस्था रहेको देखिदैन ।यस्तो व्यहोराबाट म्याद थप गर्नु मनासिब नदेखिएकोले म्याद थप गर्ने प्रचलित सार्बजनिक खरिद ऐन नियमको पूर्ण पालना हुने गरी म्याद थप गर्नु पर्ने देखिन्छ । | |
| ७८ | | | **काममा ढिलाई** | |
| ७८.१ | | | यस पालिकाबाट ठेक्कापट्टा गरेका केही ठेक्काको अबस्था निम्न अनुसार देखिएको छ । | |

| क सं | ठेक्का नं | निर्माण व्यबसायी | कामको विबरण | ल ई रु. | सम्झौता |
|---|---|---|---|---|---|
| १ | १/०७८।७९ | जगदम्बा निर्माण सेवा | चौकिडाँडामा ओभरहेड पानी टैंकी निर्माण | ९४,९४ | २५,८६ |
| २ | ४/०७८।७९ | जगदम्बा निर्माण सेवा | हिक्मत साउदको घरदेखि गणेश बलायरको घरसम्मको बाटो निर्माण | १,३१,६० | ७८,६१ |

| | | | | |
|---|---|---|---|---|
| | | | उक्त ठेक्कामध्ये क्र सं १ मा उल्लेखित ठेक्काका सम्बन्धमा कार्यालयले निरिक्षण गर्दा निर्माण कार्य संचालनमा नरहेको र कार्य प्रगति सन्तोषजनक नभएकोले के कति कारणले ढिलासुस्ती भएको हो? सात दिन भित्र कारण र कार्य तालिका सहित उपस्थिति हुन भनि २०७९।७।२१ मा जानकारी गराएकोमा प्रतिकृया नआएको हुँदा प्रतिकृया नगर्नुको कारण सहित ३ दिनभित्र उपस्थित हुन कार्यालयको प सं २०७९।८० च नं ११९८ मिति २०७९।८।७ को पत्रबाट ताकेता गरेको पत्र पठाए पश्चात हाल काम सुरु गरेको भनाई कार्यालयको रहे पनि म्याद थप भएको समयमा काम सम्पन्न हुन नसके पूर्व निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गराउनु पर्दछ । | |
| ७८.२ | | | गोदाबरी न पा वडा नं १ मा खैरहना पुल निर्माणका लागि लागत अनुमान रु.९,८१,३८,७००।४१ भई बोलपत्रको माध्यमबाट २०७८।३।३० सम्ममा काम सम्पन्न गर्ने गरी २०७६।३।३१ मा निर्माण व्यबसायी श्री रमन के एस जे भी संग रु.६,८७,१८,९०७।(मु अ कर समेत) भुक्तानी दिने गरी ठेक्का सम्झौता भएकोमा कुल रु.७,००,६१,१५६।४६ भुक्तानी दिएर २०७९ मा काम सम्पन्न भएको देखिन्छ ।उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | |
| ७८.३ | | | क्र सं १ मा उल्लेखित ठेक्काबाट काम सुरु गरेको ठेक्का सम्बन्धमा उक्त कामको Details design drawing estimate को आधारमा ठेक्का आव्हान भइसकेको र निर्माण कार्य गर्दा प्राबिधिक समस्या देखिएको २०७९।९।४ मा कार्यालयमा उपस्थित भई समन्वय गरी परामर्शदाता एम एच इन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि लाई कार्यालयको प सं २०७९।८० च नं १६१८ मिति २०७९।९।१ मा पत्र पठाएकोमा सामान्य सुझाबका आधारमा थप व्ययभार नपर्ने गरी काम गर्ने अबस्था रहेको कार्यालयको भनाई रहे पनि त्रुटीपूर्ण ड्इङ्ग डीजाईन देखिए परामर्शदातालाई समेत जिम्मेवार बनाउनु पर्दछ । | |
| ७८.४ | | | पी एस आइटम बापत भुक्तानी दिँदा खर्चका सक्कल बिल बिजक पेश हुनुपर्दछ । तर निम्न ठेक्काको काम सुरु गर्दा बीमा गरेको सक्कल प्रमाण पेश गर्नुपर्नेमा बीमाका प्रमाण पेश नगरे सो सम्बन्धी कागजात माग नगरी ठेक्का नं ४ को प्रथम बिल बापत २०७९।३।२५ मा रु.९,३४,३४८। र ठेक्का नं १ को प्रथम रनिङ्ग बिल बापत सोही मितिमा रु.१४,४१,१०३। भुक्तानी दिएको छ । यस्तो प्रकृयाबाट काम गर्ने प्रकृया मनासिब नदेखिएकोले तोकिए अनुसार बीमा गरेका सक्कल प्रमाण कागजात पेश गरे पश्चातमात्र काम शुरु गर्ने व्यबस्था हुनुपर्दछ । | |
| ७८.५ | | | १८/२०७९।३।२५ बाट कुल रु.९९,७६,१६३।८९ भुक्तानी माग गरेकोमा रु.४०,००,०००। भुक्तानी दिएको छ । उक्त रकम भुक्तानी दिँदा प्रोभिजनल सम बाट बीमा बापत रु.४,७६,४९४।३९ भुक्तानी दिँदा २०७९।३।२२ मा रु.२,४२,९८०।भुक्तानी गरेको बीमा प्रमियमको सक्कल कर बीजक पेश गरे पनिरु.२,०८,५१४।भुक्तानी बीमा प्रमियमको सक्कल कर बीजक पेश नगरेकोले उक्त रकम अशुल गर्नुपर्ने रु. | २०८,५१४ |
| ७९ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माण**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन | २४,७५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ ।सो बाहेक तल तालिकामा उल्लेखित व्यहोराको कामका लागि समेत काम सम्पन्न भएको कुनै प्रमाण कागजात पेश नभएको अबस्थामा आर्थिक बर्षको अन्त्यमा बिद्यालयको खातामा देहायका विद्यालयलाई पेश्की समेत नजनाई रु.२,४७,५०,०००।लाख निकासा दिएको छ । बिल भरपाई र काम सम्पन्न भएको प्रमाण कागजात बेगर बजेट खर्च लेख्न मिल्ने आधार नदेखिएकोले निकासा दिएको रकमको तोकिए अनुसार काम सम्पन्न भएको देखिने कार्य सम्पन्न प्रतिवेदनलगायतका कागजात पेश गर्नुपर्ने रु. | |

| क.सं. | बिद्यालय | वापत | रकम |
|---|---|---|---|
| | गो.भौ./१२/०७९।३।२४ बाट | | |
| १ | दुर्गालक्ष्मी माध्यामिक बिद्यालय अत्तरिया | भबन निर्माण, आइ टी ल्याब, अन्य ल्याब व्यबस्थापन | ७०,००,०००। |
| २ | सुदूरपश्चिम मा बि बनखेत | आइ सी टी | ६,५०,०००। |
| ३ | सरस्वती मा बि ओलानी | २ कोठे भवन निर्माण | १८,००,०००। |
| ४ | लक्ष्मी आधारभूत बि बुढीतोला | ४ कोठे भबन निर्माण | ३६,००,०००। |
| ५ | सरस्वति उ मा बि गेटा | आइ सी टी | ६,५०,०००। |
| ६ | गुह्येश्वरी मा बि बसन्तपुर | २ कोठे भवन निर्माण | १८,००,०००। |
| ७ | रा मा बि बल्मी | ४ कोठे भवन निर्माण | ३६,००,०००। |
| | | आइ सी टी तर्फ | |
| ८ | राष्ट्रिय मा बि बास्कोटा | आइ सी टी अनुदान केन्द्रस्तर | ६,५०,०००। |
| ९ | दुर्गा मा बि हाटखोली | आइ सी टी अनुदान केन्द्रस्तर | ६,५०,०००। |
| १० | दुर्गा मा बि हाटखोली | एक वडा एक नमुना विद्यालय नगरस्तरिय | २४,००,०००। |
| ११ | लक्ष्मी मा बि बुढीतोला | पुस्तकालय अनुदान केन्द्रस्तर | ६,५०,०००। |
| १२ | राष्ट्रिय मा बि बास्कोटा | बिज्ञान प्रयोगशाला अनुदान केन्द्रस्तर | ६,५०,०००। |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१३</td><td>लक्ष्मी मा बि बुढीतोला</td><td>बिज्ञान प्रयोगशाला अनुदान केन्द्रस्तर</td><td>६,५०,०००।</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>२,४७,५०,०००।</td></tr></table></td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण</td><td></td></tr>
<tr><td>८०.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ । यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ ।</td><td></td></tr>
<tr><td>८०.२</td><td>२९४</td><td>२०७९-१-२१</td><td>वडा नं १२ को चाँप सल्ली शहरी स्वास्थ्य क्लिनिकलाई २० एम.एच. एच.डि.पी.पाइप २८०० मिटर उपलब्ध गराएकोमा उक्त क्लिनिकले उक्त पाइप प्रयोग गरेक नगरेको यकिन हुन नसकेको रु ९८.०८४।</td><td>९८,०८४</td></tr>
<tr><td>८०.३</td><td></td><td></td><td>उपभोक्ता समितिबाट गरिएका कार्यको नाँपजाँच गरी प्राविधिकले दिएको प्रतिवेदनभन्दा बढी रकम भुक्तानी दिएको देखिएकोले निम्नानुसारको रकम सम्बन्धितबाट असूल उपर गनुपर्ने रु.<table><tr><td>भौ.नं./ मिति</td><td>उ.स.को नाम</td><td>प्रा.प्रतिवेदनमा रु.</td><td>भुक्तानी दिएको रु.</td><td>बढी भु.रु.</td></tr><tr><td>७०७/०७९।३।२५</td><td>गोडधुवा पूलनजिक तटबन्धन उ.स.</td><td>३,९४,९५४।</td><td>५,८५,१००।</td><td>१,९०,१४६।</td></tr></table></td><td>१९०,१४६</td></tr>
<tr><td>८०.४</td><td>६८</td><td>२०७८-९-११</td><td>वडा नं. ११ गौडीको मूख्य बाटो कालोपत्रे गरे वापत जगदम्बा निर्माण सेवाको पेश्कि रु.१,१००,०००। पे.फ. गरि रु.४,७८६,१३५। भुक्तानी गर्दा संलग्न कागजातहरु प्राविधिक प्रतिवेदन, कार्य स्वीकार प्रतिवेदन, टेण्डर बिल, नापी किताव, टिप्पणी आदीमा प्रमाणित गर्नेको दस्तखत नरहेकोले, कार्यालय प्रमुखले नियमानुसार उक्त कागजातहरु प्रमाणित गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८०.५</td><td>152</td><td>२०७८-११-१०</td><td>१५२।२०७८/११/१० यू.एन.लाईट, अत्तरीयाबाट १३८०० मिटर पाईप खरीद वापत रु.४८३,८१४।भुक्तानी गर्दा विभिन्न कागजातहरुमा कार्यालय प्रमुखले प्रमाणित गर्न बाँकी रहेकोले नियमानुसार उक्त कागजातहरु प्रमाणित गराई राख्नुपर्ने र कार्यपालिकाले निर्णय गरेभन्दा बढी र निर्णयभन्दा फरक साईजको पाईपहरु खरीद भएकोमा सो को प्रयोजन खुल्नुपर्ने रु. ४८३,८१४।</td><td>४८३,८१४</td></tr>
<tr><td>८०.६</td><td></td><td></td><td>वार्ड नं. ७ डिला दमाईको घरदेखी थापा टोल जाने कुलो निर्माण गरे वापत प्र.म.रोजगार कार्यक्रम र नगरपालिकाले न.पा.पूँजिगतबाट रकम दिने गरी सम्झौता भएको देखिन्छ, उक्त सम्झौतामा न.पा.ले व्यहोर्ने अंश रु.२९८,९७२।०० उल्लेख भएको तर भुक्तानी दिंदा संलग्न कागजातहरुमा न.पा.को</td><td>१७०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | वडागत बजेटबाट रु.२९८,८०७।५७ भुक्तानी दिने भनी उल्लेख भएकोले सम्झौताभन्दा बढी रकम भुक्तानी भएको देखिन्छ । तसर्थ नगरपालिकाले व्यहोर्ने रकम यकिन गरि बढी भुक्तानी भएको भए उक्त रकम असूल गर्नुपर्ने रु | |
| ८०.७ | | | खरीद गरिने सामानको स्पेशिफीकेशन खुलाई खरीद आदेश गर्ने तथा दाखिला गर्नुपर्ने र यस वर्ष खरीद भएका तर स्पेशिफीकेशन नखुलेका सबै सामानहरुको स्पेशिफीकेशन खुलाई लेखांकन गर्नुपर्ने देखिन्छ । | |
| ८०.८ | ३६० | २०७९-२-१३ | वडा नं. ३ को ताम्राकार टोलमा नदी तटबन्धन कार्य वापत उपभोक्ता समितिलाई रु.९५७,६६९।०० (चार लाख पे.फ.बाँकी भुक्तानी) भुक्तानी गरेकोमा संलग्न प्राविधिक प्रतिवेदनमा जाली खरीद वापत मू.अ.कर वाहेक ५७७,५३६।०० को मूल्यांकन गरेको तर उ.स.ले त्यती बरावरको जालि खरीदको बिल पेश नगरेको र रु.५७७,५३६।०० को मू.अ.कर वापत रु. ७५,०७९ हुने तर प्राविधिक प्रतिवेदनमा जम्मा ६४,२६८।४६ दिएको आदि व्यहोराहरु हेर्दा उ.स.ले पेश गरेको बिलभर्पाई र प्राविधिक प्रतिवेदन बिच तालमेल नभएकोले यथार्थ कार्यसम्पन्नताको सुनिश्चितता हुनुपर्दछ । | |
| ८०.९ | ३१६ | २०७९-२-६ | काडी गाउँ लक्ष्मी पनेरुको घर नजिक र मगर टोल प्रेम बमको घर नजिक तटबन्धन कार्यमा रु. चार लाख न.पा.ले व्यहोर्ने भनी सम्झौता भएकोमा कार्य सम्पन्न पश्चात रु.३९५,४३६।०० भुक्तानी दिएको देखिन्छ । संलग्न कागजातहरुमा उ.स.ले जम्मा रु.१६६,१३२।०० को मात्रै ग्याबिन जाली खरीद गरेको बिजक पेश गरेकोले जालि खरीदको बिल अनुसार रकम भुक्तानीको अनुपात (जाली खरीदभन्दा बढी रकम ढुंगा भर्ने कार्यमा खर्च भएको) नमिलेको उक्त ढुङ्गा भर्न आवश्यक जालीको प्रमाण पेश गर्नुपर्ने रु | ३९५,४३६ |
| ८०.१० | ४६८ | २०७९-३-८ | ग्वाँसी समैजी र सेल्पाटे डी.पी.आर.कार्य वापत ,H.M. Engineering Consulting and Construction Pvt. ltd. लाई रु.१,६५३,७५५।०० भुक्तानी गर्दा संलग्न कागजातहरु हेर्दा उक्त कार्यको लागत अनुमान मू.अ.कर सहित रु.१,६१३,१५४।०० रहेकोमा आर्थिक प्रस्तावको मूल्यांकन गर्दा अनुमानित मूल्य रु.१,६५५,७४१।५४ उल्लेख गरेको र सोही बमोजिम मूल्यांकन गरी रु.१,६५३,७५५।०० प्रस्ताव गर्ने संस्थासंग सम्झौता गरी रकम भुक्तानी गरेकोले लागत अनुमान भन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | ४२,५८७ |
| ८०.११ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यस पालिकाले श्री रामजानकी ग्रामिण विद्युत सहकारी संस्था संस्थालाई ट्रान्सफर्मर खरीदका लागि रु.४६५,९०५।०० रकम दिएको देखिन्छ । नाफामुलक संस्थालाई ट्रान्सफरमर खरिदका लागि दिएको रकम नियमसम्मत नभएको रु | ४६५,९०५ |
| ८०.१२ | | | खुटिया नदीमा तटबन्धन गरे वापत उक्त कार्यको निर्माण उपभोक्ता समितिलाई रु.१,९९३,६७८।०० भुक्तानी गर्दा नापी कितावमा रातो पैहामा ३*१*१ को ग्याबिन जालीमा ढुंगा भर्ने कामको रु.९,९३७।११ को दरले र खुटिया पूल नजिक बल्मीमा रु.१०,९१५।९२ का दरले रकम दिनुपर्ने भनी उल्लेख भएकोमा के कसरी यति फरक पर्न गएको स्पष्ट नभएको । ढूंगा बोकाईको लिड र जाली ढुवानीका हिसावले दर बिश्लेषण गर्ने हो भने बल्मीमा रातापैहाभन्दा सस्तो हुनुपर्नेमा उल्टो महंगो भएको देखिएकोले उचित पुष्टयाई सहितको दर बिश्लेषण गरी मूल्यांकनहुनुपर्ने । | |

<table>
<tr><td>८०.१३</td><td>५२६</td><td>२०७९-३-१९</td><td>बजार क्षेत्रमा राखेका डस्टबिनहरु मर्मत भनी रु.१५०,०००।०० खर्च गर्दा शहरी विकास आयोजना मार्फत गर्नुपर्नेमा नगरपालिका पूँजीगत खाताबाट खर्च गरिएको रकम सोधभर्ना गर्नुपर्ने रु</td><td>१५०,०००</td></tr>
<tr><td>८०.१४</td><td></td><td></td><td></td><td>३९४,८७१</td></tr>
<tr><td>८०.१५</td><td>६७२</td><td>२०७९-३-२५</td><td>तुलसी बाखाफर्मसंग रु.३२४,२६८।३२ को योजना सम्झौता गरी रु.३००,०००।०० कार्यालयबाट व्यहोर्ने र रु.२४,२६८।३२ फर्मले व्यहोर्ने भनी सम्झौता भएको देखिन्छ । उक्त कार्यको प्राविधिक प्रतिवेदनमा जम्मा रु.१,८४,६०७।२४ को कार्य भएको भनी उल्लेख गरेकोमा फर्मको योगदान नकटाई सबै रकम भुक्तानी दिएकोले नियमानुसार आनुपातिक हिसावले फर्मको योगदान वापत हुन आउने रकम फर्मसंग असुल उपर गर्नुपर्ने रु.</td><td>१३,८०८</td></tr>
<tr><td>८०.१६</td><td></td><td></td><td>नगरपालिका चालु खर्च तर्फ<br>धनराज बि.क.लाई २०७८/३/०१ गतेदेखी २०७८/३/२८ गते सम्मको लागि गाडी भाँडामा लिने सम्झौता गरी रु.९८,०००।०० भुक्तानी गर्दा के प्रयोजनका लागि गाडी भाँडामा लिएको भनी नखुलेको हुँदा प्रयोजन खुलाई भुक्तानी बाँकीको कच्चावारी राखी नियमित गर्नुपर्ने रु.</td><td>९८,०००</td></tr>
<tr><td>८०.१७</td><td></td><td></td><td>प्रिमियर ईन्स्योरेन्स कम्पनी (नेपाल) प्रा.ली.लाई रु.१७,७०९।०० भुक्तानी गर्न पदमराज भट्टलाई रकम भुक्तानी गर्दा संलग्न कागजातहरुमा से.१ झ २३५ एम्बुलेन्सको बिमा गरेको बिजक संलग्न नरहेकोले उक्त प्रमाण संलग्न गरी राख्नुपर्ने रु.</td><td>९,६१६.३</td></tr>
<tr><td>८०.१८</td><td></td><td></td><td>अग्निपोष्ट दैनिक पत्रिकालाई रु.४५,०००।०० भुक्तानी गर्दा रु.३०,०००।०० को बिलभर्पाई मात्र संलग्न रहेकोले बिल भरपाई भन्दा बढी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु</td><td>१५,०००</td></tr>
<tr><td>८०.१९</td><td></td><td></td><td>देहाय बमोजिमका गोश्वारा भौचरबाट तथा देहायका मितिमा विभिन्न परामर्श सेवा खरीद गरेवापतको भुक्तानी गरेकोमा गोश्वारा भौचरसँग उक्त फर्मको कर बिजक र यस कार्यालयमा दाखिला भएको प्रमाण मात्र संलग्न रहेकोले निम्नानुसारको खर्चलाई नियमित गर्न १) कार्यक्रम स्वीकृतीको प्रमाण, २) उक्त डिजाईन तथा प्लानहरु नगर कार्यपालिकाबाट स्वीकृत भएको निर्णय, तथा नियमानुसारका अन्य प्रमाणहरु संलग्नगरी राख्नुपर्ने देखिन्छ ।<br><table>
<tr><th>गो.भौ.नं./मिति</th><th>फर्म/कम्पनीको नाम</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>७१८।२०७९/३/२५</td><td>राघवी ईन्जिनीयरीङ्ग सर्भिसेज प्रा.ली.</td><td>४९७,०८७।००</td></tr>
<tr><td>७१९।२०७९/३/२५</td><td>ईभरसेफ ईन्जिनीयरीङ्ग कन्सल्टेन्सी प्रा.ली.</td><td>१,११३,०५०।००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७२१।२०७९/३/२५</td><td>सार्थक ईन्जिनीयरीङ्ग कन्सल्टेन्सी प्रा.ली.</td><td>९०४,०००।००</td></tr>
<tr><td>७२२।२०७९/३/२५</td><td>ग्रिनटेक कन्सल्टयाण्ट प्रा.ली.</td><td>१,२८४,८१०।००</td></tr>
<tr><td>७२३।२०७९/३/२५</td><td>नोडल ईन्जिनीयरीङ्ग कन्सल्टेन्सी प्रा.ली.</td><td>१,८४४,७२५।००</td></tr>
<tr><td>७२५।२०७९/३/२५</td><td>एस.ई.ई.सोईल ल्यावप्रा.ली., ललितपुर</td><td>१,६०४,६००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०.२०</td><td></td><td></td><td>वडा कार्यालयबाट खरीद भएका कार्यालय सामाग्रिहरुको रकम भुक्तानी गर्दा नियमानुसार संलग्न गर्नुपर्ने कागजात जस्तैः मागफाराम, खरीदआदेश, दाखिला प्रतिवेदन, ईत्यादी प्रमाणित नभएकोले नियमानुसार प्रमाणित/स्वीकृत गराई राखुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>८०.२१</td><td></td><td></td><td>कार्यालयले निम्न संस्थाहरुलाई विभिन्न कार्यक्रमको वृत्तचित्र निर्माणका लागि निम्न रकम भुक्तानि गरेको देखिन्छ ।
<table>
<tr><th>क.सं.</th><th>भौ.नं./मिति</th><th>प्रयोजन</th><th>संस्थाको नाम</th><th>भुक्तानि रु</th></tr>
<tr><td>1</td><td>७६५।२०७९/२/१०</td><td>धार्मिक स्थलहरुको वृत्तचित्र</td><td>साझा एडभरटाइजिङ्ग</td><td>४,५०,०००।</td></tr>
<tr><td>2</td><td>८२७।२०७९/२/२३</td><td>विकास सँग समबन्धित डकुमेन्ट्रि</td><td>सुदर्शन समाज नेपाल</td><td>४,५०,०००।</td></tr>
<tr><td>3</td><td>८६२।२०७९/२/३१</td><td>न.पा.क्षेत्रका विशेष डकुमेन्ट्रि बनाइ एभिन्युज टेलिभिजनबाट प्रसारण गर्ने</td><td>उपहार मिडिया नेटवर्क प्रा.लि.</td><td>१,००,०००।</td></tr>
<tr><td>4</td><td>९६२।२०७९/३/१७</td><td>न.पा.क्षेत्रका विभिन्न गतिवधिहरु समेटेर वृत्त चित्र बनाइ न्यूज २४ बाट प्रसारण गर्ने</td><td>नेपाल ब्रोडकास्टिङ्ग</td><td>३,००,०००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१३,००,०००।</td></tr>
</table>
क.सं.१ को कार्यका लागि कार्यालय र प्रेस क्लव नेपाल, धनगढी ४ संग सम्झौता भएको तर रकम भुक्तानी साझा एड.लाई भएको ।</td><td>१,३००,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | क्र सं १ देखि ४ सम्मका सबै कार्यहरुमा कार्यालयले सम्झौता बमोजिमको रकम भुक्तानि दिदा, सम्झौता भएको संस्थाको पहिचान तथा योग्यता खुल्ने कागजात संलग्न नरहेको, टि.भी.बाट प्रसारण भए नभएको प्रमाण संलग्न नरहेको, उक्त डकुमेन्ट्री पेन ड्राईभमा राखी कार्यालयमा उपलब्ध गराउनुपर्ने र कार्यालयमा दाखिला भएको प्रमाण संलग्न नरहेकोले आवश्यक कागाजात तथा प्रमाण कागजात पेश गर्नुपर्दछ । | |
| ८०.२२ | ६५१ | २०७९-१-१३ | बसीबियालो म्यूजिक भिडीयोलाई गोदावरी न.पा.को कला, संस्कृती र पर्यटन क्षेत्र झल्कने वृत्तचित्र निर्माण गर्नका लागि रु.३००,०००।०० मा सम्झौता भएकोमा रु.२९८,०००।०० को मात्रै कार्यसम्पन्न प्रतिवेदन र बिल पेश भएको तर रु.३००,०००।०० भुक्तानी भएकोले बढी भुक्तानी असूल हुनुपर्ने रु.<br>वृत्तचित्र बनाएको कुनै प्रमाण संलग्न नरहेको र कहाँ प्रसारण भएको भन्ने पनि नखुलेको उक्त विषय खुल्ने प्रमाण संलग्न गरी राख्नुपर्ने देखिन्छ । | २,००० |
| ८०.२३ | | | कार्यालयमा प्रयोग भएका ईन्टरनेट, टेलीफोन, खानेपानी धारा, विद्युत, घरभाडा, आदी जस्ता सेवा लिँदा विभिन्न कार्यक्रमबाट Randomaly तिरेको पाईएकोले कुन सेवाको कति तिरीएको भनी एकिन गर्न कठिन भएको हुँदा नियमानुसार यस्ता सेवाहरुको भुक्तानी सम्बन्धी सहायक खाता (लेजर) बनाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |
| ८०.२४ | | | अपी सैपाल विकास मंचलाई विभिन्न ८ वटा नीति तथा कार्यविधि बनाए वापत रु.६९५,५१५।०० भुक्तानी गरेकोमा छनौट प्रक्रियाको प्रमाण संलग्न गरी राख्नुपर्ने रु. | ६९५,५१५ |
| ८०.२५ | ३२८ | २०७८-१२-८ | सूचना प्रकाशन गरेवापत आजको शंस्लेषणसंग भित्री कभरपेज रंगिन—पूरा पेजमा विज्ञापन प्रकाशन गर्ने गरी रु. एक लाखको सम्झौता भएकोमा उक्त पत्रिकाको पेज नं. ४५ को भित्री पेज श्यामस्वेतको चौथाई पेजमा विज्ञापन छापिएको उक्त पत्रिकाको विज्ञापन तालिका दर तालिका अनुसार रु.१०,०००।०० (दश हजार) तिर्नुपर्नेमा रु.९०,०००।०० बढी भुक्तानी भएको बढी भुक्तानी असूल हुनुपर्ने रु. | ९०,००० |
| ८०.२६ | | | वडा नं.९ को कार्यालयले रु.४९,९४६।०० को विभिन्न खेलकुद सामाग्रि बुझीलिएकोमा सो को उपयोगिता झल्कने प्रमाणहरु (बाँडेको भर्पाई तथा फोटो) संलग्न गरी राख्नुपर्ने रु. | ४९,९४६ |
| ८०.२७ | | | सु.प.मिडीया तथा रिसर्च सेन्टर प्रा.ली.लाई सम्झौताअनुसार २५०,०००।०० भुक्तानी दिईनुपर्नेमा रु.२५४,२५०।०० दिईएकोले बढी भुक्तानी दिएको रकम असूल गर्नुपर्ने रु. | ४,२५० |
| ८०.२८ | | | जयदुर्गेमहिला कृषक समूहसंग ३० विगाहमा धान खेती गर्ने गरी रु.६००,०००।०० अनुदान दिने सम्झौता भएको र कन्जिेन्सी कटाई रु ५७०,०००।०० भुक्तानी दिँदा संलग्न कागजातहरुमा ईष्टिमेट रहेको कार्य सम्पन्न प्रतिवेदन नरहेको ।<br>· इष्टिमेट र सम्झौतामा तालमेल नरहेको ।<br>· खरीद भएका सबै सामाग्रिहरु जस्तै धान बताउने पंखा ४ थान खरीद गरिएकोमा सो को फोटोहरु संलग्न गरी राख्नुपर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ८०.२९ | १०७८ | २०७९-३-२२ | भट्ट सपिङ्ग सेन्टरको रु.१०,०००।०० को बिल संलग्न तर रु.१५,०००।०० भुक्तानी गरिएकोले बढी भुक्तानी रकम असूल हुनुपर्ने रु. | ५,००० |
| ८०.३० | ८७३ | २०७९-३-२ | एकिकृत सामुदायीक विकास केन्द्रलाई रु.४४५,५४४।०० को दुना टपरी बनाउने तालिम चलाउन जिम्मा दिएकोमा रु.९८,०००।०० को दुना बनाउने मशिन खरीद भएकोमा उक्त मशिन कसको जिम्मामा रहेको भनी नखुलेकोले उक्त विषयखुल्ने प्रमाण संलग्न गरी राख्नुपर्ने रु. | ९८,००० |
| ८०.३१ | | | मालाखेती अस्पतालका स्वास्थ्यकर्मिहरुलाई ओभरटाईम भनि दिंदा दिन गणना हुने आधारहरु संलग्न गरी राख्नुपर्ने देखिन्छ । जस्तै गो.भौ.नं. ३०० बाट डा. उत्तम विष्टले २०७९ ज्येष्ठ १ गतेदेखि आषाढ मसान्तसम्म ६०—६२ दिनको अवधिमा ७५ अतिरीक्त दिनकाम गरेको प्रमाणित गरी भत्ता समेत लिएको देखिन्छ । धेरैले सार्वजनिक बिदाभन्दा बढीका दिनको अतिरीक्त दिन काम गरेको भत्ता लिएको देखिन्छ । सो सम्बन्धमा कार्यालयबाट नै यकिन गरि बढि भएको देखिएमा असुल गरि यस्ता कार्य नियन्त्रण हुनुपर्दछ ।<br><br>गोश्वारा भौचर नं. ३०० र ३०५ मा उक्त भत्ता बाडेको भनी खर्च जनाएकोमा विभिन्न स्वास्थ्यकर्मीहरुले रकम बुझेको भर्पाई नरहेकोले नियमानुसारको भर्पाई बनाई राख्नुपर्ने देखिन्छ ।<br><br>• अतिरीक्त भत्ताको दरमा पनि एकरुपता नरहेको । एकै स्तरका कर्मचारीहरुले फरक फरक दरमा भुक्तानी लिएको देखिएको । उक्त भत्ताको नर्मश पेश गर्नुपर्ने | |
| ८०.३२ | | | **प्रदेश हस्तान्तरण (पूँजिगत) खर्च खाता**<br>भवानीसिंह रावलको घरदेखी दक्षिण सडक पानिपिच गरे वापतको रकम रु. ९२४,६६९।०० उपभोक्ता समितिलाई भुक्तानी गर्दा अनुगमन प्रतिवेदनमा अनुगमन समितिका संयोजकको दस्तखत नरहेकोले नियमानुसार अनुगमन गराई पूर्ण प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ । | |
| ८१ | १२ | २०७८-८-६ | **विद्यालयको लेखापरीक्षण**<br><br>नगरपालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। आ.व २०७८।७९ मा ५७ सामुदायिक विद्यालयमध्ये लेखापरीक्षण क्रममा ५४ विद्यालयले लेखापरीक्षण गरी प्रतिवेदन नगरपालिकामा वुझाएको देखिन्छ।समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नु पर्दछ। | |
| ८२ | | | **अनुगमन नियमन व्यवस्था**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। विषयगत समिति गठन भएपनि प्रभावकारी नियमन हुन नसकेको व्यहोरा लेखापरिक्षणको क्रममा जानकारि प्राप्त भएको छ। जसवाट | |

| | | | | |
|---|---|---|---|---|
| | | | विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। | |
| ८३ | | | **संस्थागत विद्यालय अनुगमन**<br><br>पालिका भित्र ३७ निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि तिनको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनभिज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनतः दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ। | |
| ८४ | | | **शैक्षिक अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकिन विद्यार्थी संख्याका आधारमा दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट निकासा भएको देहायको अनुदानको अनुगमन तथा मुल्याङ्कन गरेको नदेखिएकोले अनुदानको उपयोग सम्बन्धमा एकिन हुने अवस्था रहेन। यसमा पालिकाको ध्यान जानुपर्दछ। | |

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षण सहयोग अनुदान | ८३,५५,९५०। | १२ वटा विद्यालय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | १०,००,०००। | भगवती आ.वि. सिम |
| ३ | एक वडा एक नमुना विद्यालय | २४,००,०००। | दुर्गा मा.वि. हाटखोली |
| **जम्मा** | | **१,१७,५५,९५०।** | |

| | | | | |
|---|---|---|---|---|
| ८५ | | | **शैक्षिक गुणस्तर**<br><br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ। | |
| ८६ | ८५ | २०७८-११-१० | **सेनीटरी प्याड खरिद**<br><br>सामुदायिक विद्यालयहरूलाई निशुल्क स्यानीटरी प्याड वितरणका लागि पालिकावाट खरिद कार्य नगरी ३१ विद्यालयलाई स्यानीटरी प्याड खरिदका लागि भुक्तानी दिएको विवरण प्राप्त भएको छ।कुल ३१ मध्ये १२ ले मात्रै खर्चको विवरण पालिकालाई पठाएको छ। रकम निकासा पछि विद्यालयले खरिद गरेको सम्बन्धमा कुनै अनुगमन मुल्याकंन भएको पाईएन। स्यानीटरी प्याड (वितरण तथा व्यबस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयले खरिद गरेका प्याडहरू तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनु पर्नेमा गुणस्तरयुक्त भनि प्रमाणित गरी राखेको प्रमाण नभएको, स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिवेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख पाईएन। कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनुपर्दछ। | |
| ८७ | | | **दिवा खाजा**<br><br>आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ३४ विद्यालयका लागि दिवा खाजा बापत रु.१,६३,७७,०३०। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ । | |
| ८८ | | | **निःशुल्क पाठ्यपुस्तक अनुदान**<br><br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरूलाई अनुदान दिनु पर्दछ। यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरू हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था उल्लेख छ।पालिकाले पाठ्यपुस्तक खरिदमा यो बर्ष जम्मा रू.१,१५,४०,०२०। खर्च गरेको छ। पाठ्यपुस्तकका लागी रकम निकासा गरेका कक्षा ११ र १२ को पाठ्यपुस्तक खरिद सम्बन्धि विल भरपाई पालिकालाई उपलब्ध भएको छैन। पालिकाले पाठ्यपुस्तक खरिद र वितरण | |

<table>
<tr><td></td><td></td><td></td><td>गरेको विवरण, विद्यार्थीको प्रमाणीत कागजात वेगर वाकी २५ प्रतिशत रकम निकासा भएकोले पाठ्यपुस्तकको रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको यकिन हुन सकिदैन। निर्देशिका बमोजिम सुरूमा ७५ प्रतिशत तथा EMIS विवरणको आधारमा कागजात प्रमाणित गरि थप २५ प्रतिशत अनुदान निकासाको सम्बन्धमा आवश्यक खर्च पुष्ट्याई गर्ने आबश्यक प्रमाण कागजात पेश हुनुर्दछ।</td><td></td></tr>
<tr><td>८९</td><td>६६</td><td>२०७८-१०-२०</td><td>सामुदायिक सिकाई केन्द्र<br><br>स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको , साधारण शभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको ,गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु.२ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत निम्न सिकाई केन्द्रलाइ सञ्चालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अतः अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।<br><br>
<table>
<tr><th>क्र.स.</th><th>सिकाई केन्द्रको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अत्तरिया सामुदायिक सिकाई केन्द्र</td><td>२,००,०००।</td></tr>
<tr><td>२</td><td>ओझाली सामुदायिक सिकाई केन्द्र</td><td>२,००,०००।</td></tr>
<tr><td>३</td><td>ग्वाँसी सामुदायिक सिकाई केन्द्र</td><td>१,००,०००।</td></tr>
<tr><td>४</td><td>जनचेतना सामुदायिक सिकाई केन्द्र</td><td>१,००,०००।</td></tr>
<tr><td>५</td><td>बेलादेविपुर सामुदायिक सिकाई केन्द्र</td><td>२,००,०००।</td></tr>
<tr><td>६</td><td>जनचेतना सामुदायिक सिकाई केन्द्र</td><td>१,००,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९,००,०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>९०</td><td>२९३</td><td>२०७९-३-२५</td><td>समिति गठन<br><br>कोभिड-१९ महामारीवाट प्रभावित अति विपन्न परिवारहरूको न्युनतम आधारभुत आवश्यकता पुरा गर्न नगद राहात भुक्तानी गर्ने कार्यक्रम अन्तर्गत पालिकाले १९० जनालाई रू.१०,०००। का दरले जम्मा रू. १९,००,०००। भुक्तानी दिएको छ। कोभिड - १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तातरण कार्यविधि, २०७८ को बुँदा नम्बर ८ मा कार्यविधी वमोजिम हुने नगद हस्तान्तरण कार्यको स्थलगत अनुगमन तथा</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सहजीकरण गर्न उपप्रमुखको नेतृत्वमा अनुगमन तथा सहजीकरण समिति रहने व्यवस्था छ।पालिकाले उक्त कार्यविधि अनुरूप समिति गठन गरेको छैन। तसर्थ समिति गठन गरि अनुगमन तथा सहजीकरण कार्यलाई प्रभावकारि वनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>प्राविधिक प्रतिवेदन वेगर भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पशुपन्छी वजार प्रवर्द्धनका लागी मिटमार्ट स्थापना अनुरूप निम्न फर्महरूलाई पालिकाले जम्मा रू.२९,४२,०३२। भुक्तानी दिएको छ। दुवै फर्मसंग भएको सम्झौता अनुरूप फर्मले स्थलगत प्राविधिक प्रतिवेदन वुझाएपछि मात्रै रकम निकासा दिने व्यवस्था छ। तर पालिकाले स्थलगत प्राविधिक प्रतिवेदन वेगर निम्न फर्महरूलाई सोझै निकासा दिएको छ। पालिकाले निम्न फर्महरुलाई अनुदान उपलब्ध गराउँदा अनुदानका लागि योग्य फर्महरुको छनौट प्रक्रिया पारदर्शि नभएको, कुनै आधार तथा मापदण्ड विना नै छनौट गरेको र उक्त अनुदानको सहि सदुपयोग भए नभएको सन्धर्भमा कुनै अनुगमन भएको पनि देखिदैन । तसर्थ : सम्झौता कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं.। मिति</th><th>फर्म</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>२९०-२०७९।३।२५</td><td>गोल्डेन मिट मार्ट</td><td>१४,६८,४०८।</td><td>२०७९।२।१८ मा सम्झौता भएको</td></tr>
<tr><td>२</td><td>२९२- २०७९।३।२५</td><td>थापा मासु पसल</td><td>१४,७३,६२४।</td><td>२०७९।२।१८ मा सम्झौता भएको।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२९,४२,०३२।</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td>२९९</td><td>२०७९ -३- २५</td><td>भरपाई पेश नभएको<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। गरिवी निवारणका लागि लघु उघम विकास कार्यक्रम अन्तर्गत ५ दिने चप्पल वनाउने तालिमको लागि रकम निकासा भएको छ। तालिम कार्यक्रमको लागि एस.एस. ईन्टरप्राइजेज वाट रू.९५,०३३। को १ मेशिन सेट खरिद गरेकोमा तालिम सम्पन्न पश्चात उक्त मेशिन कसलाई वितरण गरियो भरपाई पेश नभएकोले उक्त मेशिनको उपयोगको अवस्था वारे यकिन गर्न सकिएन।नियमानुसार मेशिन प्राप्त गर्ने व्यक्ति पहिचान गरी सामग्री वुझेको भरपाई पेश हुनुपर्ने रू.</td><td>९५,०३३</td></tr>
</table>

<table>
<tr><td>९३</td><td>२९९</td><td>२०७९-३-२५</td><td>मेशिनको भाडा<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। गरिवी निवारणका लागि लघु उघम विकास कार्यक्रम अन्तर्गत सिलाई कटाई तालिमको लागी मेशिन भाडा वापत रू. ३०,०००। भुक्तानी दिएको छ। कानुन वमोजिम कट्टा गर्नुपर्न १० प्रतिशत वहाल कर कट्टा नगरेकोले कट्टा गर्नुपर्ने १० प्रतिशत रू. ३,०००। असुल गरि दाखिला गर्नुपर्ने रु.</td><td>३,०००</td></tr>
<tr><td>९४</td><td></td><td></td><td>बढी निकासा<br><br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम निकासा वा खर्च गर्न नहुने उल्लेख छ। नगरपालिकाले देहायबमोजिमका शिक्षकको अवकाशको दिनसम्मको मात्र तलबभत्ता भुक्तानी गर्नुपर्नेमा पुरै चौमासिकको तलब भत्ता भुक्तानी गरेकोले बढी निकासा वापतको रकम रू. १,०१,५८२।२५ असुल गरी दाखिला गर्नुपर्ने रू.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकाश मिति</th><th>निकासा हुनुपर्ने</th><th>निकासा भएको</th><th>बढी निकासा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>समैजी मा.वि. मजगाँउ</td><td>मुक्तिनारायण चौधरी</td><td>२०७८।६।७</td><td>१,३५,८२८।५४</td><td>२,१६,१८२।४०</td><td>८०,३५३।८५</td><td>प्र.चौ.</td></tr>
<tr><td>२</td><td>दुर्गालक्ष्मी मा. वि.</td><td>भानीचन्द्र ठकुरी</td><td>२०७८।९।२३</td><td>१,००,६७९।</td><td>१,१६,१६८।४०</td><td>१५,४८९।४०</td><td>मंसिर र पौष महिना</td></tr>
<tr><td>३</td><td>सिद्धवावा मा.वि.</td><td>चेतराज जोशी</td><td>२०७९।१।२८</td><td>३८,७४२।</td><td>४४,४८२।</td><td>५,७३९।</td><td>बैशाख महिना</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१,०१,५८२।२५</td><td></td></tr>
</table></td><td>१०१,५८२.२५</td></tr>
<tr><td>९५</td><td></td><td></td><td>महङ्गी भत्ता<br><br>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२१ को परिपत्र अनुसार सवै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दी भित्र करारका कर्मचारीहरुलाई महङ्गी भत्ता दिने भन्ने कुनै व्यवस्था नरहेकोमा गोदावरी नगरपालिकामा करारमा कार्यरत निम्न २ जना</td><td>४८,०००</td></tr>
</table>

कर्मचारीहरूलाई मासिक रू.२,०००। का दरले १२ महिनामा जम्मा मंहङ्गी भत्ता वापत रू.४८,०००। भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रू.

| क्र.सं. | कर्मचारिको नाम र पद | महङ्गि भत्ता |
|---|---|---|
| १ | मे.अ. डा. उत्तम विष्ट | २४,०००। |
| २ | मे.अ. डा. अञ्जली विजय अधिकारी | २४,०००। |
| **जम्मा** | | **४८,०००।** |

९६ **बढी ग्रेड भुक्तानी** ३३,३७१

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) मा उपत्यका भित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीलाई निजामती कितावखाना र जिल्लास्थित कार्यालयलका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गरेर मात्र तलव ग्रेड भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सोही अनुसार कार्यालयले तलबी प्रतिवेदनमा उल्लेख भए बमोजिम ग्रेड भुक्तानी गर्नुपर्नेमा आ.व. २०७८।७९ मा निम्न कर्मचारिलाई तलवी प्रतिवेदनमा पारित भएको ग्रेड भन्दा वढि ग्रेड भुक्तानी भएकोले बढी भुक्तानी भएको ग्रेड, त्यसको १० प्रतिशतले थप हुने सञ्चय कोष सहित रू. ३३,३७१। असुल गर्नुपर्ने रू.

| क्र.सं. | कर्मचरिको नाम र पद | पाउने ग्रेड रकम | भुक्तानी भएको ग्रेड | बढी भुक्तानी रकम (१० प्रतिशत सञ्चय कोष सहित) | ग्रेड वृद्धि हुने महिना |
|---|---|---|---|---|---|
| १ | मे.अ. आठौं डा. श्रृजना अधिकारी | ६१,९१६। | ७४,८८९। | १४,१२७। | असोज |
| २ | ल्या.टे.नि. छैठौ जनकराज जोशी | ६८,४१८। | ७६,०२०। | ८,२७८। | माघ |
| ३ | हे.अ. पाचौ सरिता कुमारी ढ्वाल | ६०,४२०। | ७०,४९०। | १०,९६६। | जेठ |
| **जम्मा** | | **१,९०,७५४।** | **२,२१,३९९।** | **३३,३७१।** | |

९७

**बालबिकास सहजकर्ता**

यस पालिकामा कुल १०८ बाल विकास केन्द्र संचालनमा रहेका छन्। आ.व. २०७८।७९ को EMIS विवरण अनुसार बाल विकास केन्द्रमा जम्मा २,७३६ जना बालबालिका रहेको देखिन्छ। जस अनुसार एक जना वाल विकास सहजकर्ताले औषतमा २५ जनालाई अध्यापन गराउने गरेको छ। तराइको विद्यालयका एक जना शिक्षक बराबर २० जना विद्यार्थी हुनुपर्दछ। जसअनुसार यस पालिकालाई थप बाल विकास सहजकर्ता आवश्यक देखिन्छ। तसर्थ बाल विकास सहजकर्ताको दरबन्दी मिलान गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

९८

**कृषि पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रममा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भए नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन नभएकोले अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। कृषि पकेट कार्यक्रम अन्तर्गत सञ्चालित केहि पकेट कार्यक्रमहरूः

| **क.स** | **गो भौ नं र मिति** | **पकेट कार्यक्रमको नाम** | **भुक्तानी पाउने कृषक समुहको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | ४-२०७८।९।२१ | प्याज खेती पकेट | जोरायल एग्रो सेन्टर | १,९९,९८०। |
| २ | ४६-२०७९।३।२१ | सुन कागती पकेट | हरेन्द्र फलफुल नर्सरी वागवानी फर्म | १,९९,९८८। |
| **जम्मा** | | | | **३,९९,९६८।** |

९९

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सुचिकृत व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचिमा समावेश भएकाहरूलाई प्राथमिकरण गरि कामका लागि रोजगार कार्यक्रम सञ्चालन गराई रोजगार दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले वेरोजगारहरूको प्राथमिकरण गर्ने सुचक तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरि वेरोजगारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन। श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उदेश्य अनुरूप रोजगार उपलब्ध गराउन नसकिएका कारण लक्ष्य हासिल गर्ने गरि कार्यक्रम कार्यान्वयन भएको पाइएन। यस कार्यक्रम अन्तर्गत स्थानिय तहभित्रका वडाहरूमा तटबन्ध निर्माण, बाटो निर्माण, पर्खाल निर्माण, नाली निर्माण, मन्दिर निर्माण, कुलो निर्माण, ताल संरक्षण कार्य, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालन गरि ४५ योजनामा ५०२ जनालाई औषतमा ८४ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक खर्च तथा कार्यक्रम खर्च रू.२,४५,५२,५९६।५ खर्च गरेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पुर्वाधार विकास तथा स्वरोजगार क्षमता अभिवृद्धि गर्ने मुख्य लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्यिन गर्दा वजेट, वेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरि कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा सो वेगर वजेट खर्च भएको छ। यस्तो प्रक्रियामा सुधार हुनुपर्दछ।

१००

**शिक्षक दरवन्दी र पदपुर्ति**

विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ।स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ।

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ५७ | ३२३ | ३२३ | १३९ | २११०१ | १:६५ |

१०१

**शिक्षक विद्यार्थी अनुपात**

विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
३४ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ। स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।

<table>
<tr><th>सि.न.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>विद्यार्थी संख्या</th><th>शिक्षक विद्यार्थी अनुपात</th></tr>
<tr><td>१</td><td>वहचले</td><td>४</td><td>४</td><td>८८</td><td>१:२२</td></tr>
<tr><td>२</td><td>दशरथचन्द प्रा.वि.</td><td>३</td><td>३</td><td>८८</td><td>१:२९</td></tr>
<tr><td>३</td><td>गुहेश्वरी मा वि वसन्तपुर</td><td>१२</td><td>१२</td><td>३७०</td><td>१:३०</td></tr>
<tr><td>४</td><td>गौरी शंकर प्रा वि</td><td>४</td><td>४</td><td>१३५</td><td>१:३३</td></tr>
<tr><td>५</td><td>सरस्वति मा वि सेहरी</td><td>१७</td><td>१७</td><td>८८६</td><td>१:५२</td></tr>
<tr><td>६</td><td>समैजी आधारभुत धनचौरी</td><td>३</td><td>३</td><td>१६१</td><td>१:५३</td></tr>
<tr><td>७</td><td>राष्ट्रिय मा वि बल्मी</td><td>६</td><td>६</td><td>४४८</td><td>१:७४</td></tr>
<tr><td>८</td><td>नवदुर्गा लालपुर</td><td>२</td><td>२</td><td>२०९</td><td>१:१०४</td></tr>
<tr><td>९</td><td>दुर्गा मा वि हाटखोली</td><td>३</td><td>३</td><td>४४५</td><td>१:१४८</td></tr>
</table>

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:२२ देखि १:१४८ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।
</td>
<td></td>
</tr>
<tr>
<td>१०२</td>
<td>९६</td>
<td>२०७८-१२-३</td>
<td>
**अनौपचारिक तथा वैकल्पिक शिक्षा**

आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच शुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत अनौपचारिक प्रौढ विद्यालय अनुदान कार्यक्रममा स्थानीय तहले प्रौढका लागि सञ्चालित अनौपचारिक वा वैकल्पिक विद्यालयहरुको विवरण, स्थापना मिति, सञ्चालित कक्षा, विद्यार्थि संख्या र सञ्चालनको अवस्था सहितको शिक्षा विकास तथा समन्वय ईकाइबाट समेत एकिन भई आएपछि मात्र सम्वन्धित विद्यालयको मागको आधारमा सहजकर्ताको
</td>
<td>४८२,०००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पारिश्रमिक तथा शिक्षण सिकाइका लागि आवश्यक जनशक्तिका लागि एकमुष्ट विद्यालयको खातामा अनुदान दिने उल्लेख छ । पालिकाले शैक्षिक पहुँच शुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमबाट तपशिल बमोजिमका विद्यालयको खातामा रकम निकासा गरेकोमा विद्यालयको स्थापना, मिति, सञ्चालित कक्षा , विद्यार्थि संख्या र सञ्चालनको अवस्थाका वारेमा एकिन हुने कागजात संलग्न नरहेको हँदा प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>गोदावरी गुरूकुल संस्कृत विद्यापिठ</td><td>२,४१,०००।</td></tr>
<tr><td>२</td><td>मदर्सा अल्जामिजुल फातिमा</td><td>२,४१,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४,८२,०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०३</td><td>१०८</td><td>२०७८-१२-२१</td><td>छात्रवृत्ति<br><br>पालिकाले कक्षा १ देखि कक्षा ८ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई यो वर्ष छात्रवृत्ति को लागी रू.३३,४५,२००। रकम निकासा गरेको छ। अनुदान निकासा गरेकोमा छात्रवृत्ति वितरणको निर्णय, विद्यार्थीको नामनामेसी सहितको विवरण एवं अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन। अतः तोकिए अनुसार छात्रवृत्ति वितरण भएको पुष्टयाई पेश हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>कार्य संचालन कोष<br><br>पालिकाले निम्न कोषहरूलाई आ.व. २०७४।७५ देखि जिम्मेवारी सार्दै आएको देखिन्छ। उक्त कोषमा जम्मा रू.१४,१९,७०६।मौज्दातको रहेको छ। पालिकाले उक्त कोषमा रहेको मौज्दात रकम तोकिएको काममा प्रयोग नगरी निष्कृय राखु मनासिब देखिएन ।तोकिए अनुसार प्रयोगमा नल्याएको रकम आबश्यक प्रकृया पुरा गरी सञ्चित कोषमा जम्मा गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.स.</th><th>कोषको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गरिबी निवारण तथा सामाजिक परिचालन कोष</td><td>१,५०,०००।</td></tr>
<tr><td>२</td><td>वातावण विकास कोष</td><td>४,६९,७०६।</td></tr>
<tr><td>३</td><td>स्थानिय तह आकस्मिक कोष</td><td>५,००,०००।</td></tr>
<tr><td>४</td><td>महिला तथा बाल विकास</td><td>३,००,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४,१९,७०६।</td></tr>
</table>
</td><td></td></tr>
</table>

१०५ **तालिमको अनुगमन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले संचालन गरेको निम्न कार्यक्रममा अनुगमनकर्ता वापत रु. ८,०००। खर्च लेखेको छ। अर्थ मन्त्रालयले जारी गरेको कार्यसंचालन निर्देशिकाले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार संचालन सम्वन्धी खर्चको मापदण्ड तोकेको छ । जसमा तालिमको अनुगमन वापतको रकम भुक्तानी पाउने व्यवस्था रहेको पाईदैन । निर्देशिकाले व्यवस्था गरे भन्दा बाहेक तालिमको अनुगमन वापत रकम भुक्तानी लिनु मनासिव देखिदैन । यस्तो कार्यलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ।

| क्र.सं. | गो.भौ.नं./मिति | तालिमको नाम | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १ | २७३-२०७९।३।२४ | पंजीकरणको तथा सा.सु. सम्बन्धि तालिमको अनुगमन भत्ता | २,०००। | २ जना अनुगमनकर्ता |
| २ | ५९-२०७९।३।१८ (चालु शिक्षा) | IEMIS सम्बन्धि तालिमको अनुगमन भत्ता | ६,०००। | ३ जना अनुगमनकर्ता |
| **जम्मा** | | | **८,०००।** | |

१०६ **कृषि कार्यक्रमको अनुगमन**

पालिकाले कृषि क्षेत्रको प्रवर्धनका लागी निम्न कार्यक्रम सञ्चालन गरेकोमा रकम भुक्तानी प्रश्चात उक्त खर्च रकमको अनुगमन, प्रगति प्रतिवेदन तयार गरेको छैन। जसवाट भुक्तानी रकमको अपेक्षित प्रतिफल प्राप्त भएको सम्बन्धमा एकिन हुन सकिएन। अतः रकम भुक्तानी प्रश्चात अनिवार्य रूपमा कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्नुपर्ने देखिन्छ।

| क्र.सं. | गो.भौ.नं. र मिति | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | ६-२०७८।१०।१८ | काक्रा उत्पादन कार्यक्रम | ४,७९,८०८ |
| २ | १५-२०७८।११।२० | एक वडा एक उत्पादन कार्यक्रम | १,००,००० |
| ३ | ५१-२०७९।३।२२ | विरूवा वितरण | ४,५०,००० |
| **जम्मा** | | | **१०,२९,८०८** |

१०७ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तर सो भन्दा वढी मुल्यको खरिद गर्दा प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यबस्थापन कोषबाट रु. ३७,१९,१४८।, शशर्त चालूबाट रु.१४,००,०००।र नगरपालिका स्वास्थ्य चालूबाट रु.१०,४०,५२९।, स्वास्थ्य शाखागत बजेटबाट रु.१५,००,०००। र मालाखेती अस्पतालका लागि रु.२०,५०,५१६ समेत कुल रु.९७,१०,१९३। मुल्यका बिभिन्न औषधि तथा औषधीजन्य स्वास्थ्य सामान पटक पटक (एकै फर्मबाट समेत) सोझै खरिद गरेको छ । सो बाहेक शशर्त चालूबाट रु.५.६९,७४२।मुल्यका थप औषधी तथा औषधिजन्य सामान एक ठेक्काको माध्यमबाट खरिद गरेको समेत कुल रु.१,०२,७९,९३५।मुल्यका औषधि तथा औषधीजन्य स्वास्थ्य सामान खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण खरिद गरेका औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,

- आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,

- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

- पालिकाद्धारा निःशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको,

- पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको सबै विवरण खुल्ने गरी अभिलेख राख्ने व्यबस्था हुनुपर्दछ । बजेट र कार्यक्रमका आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको मार्फत खरिद गर्ने कार्य नगरी सबै औँषधी सिधैं खरिद गर्नु उचित देखिएन ।

१०८ **उपयोग अवधि सकिएको**

पालिकाबाट प्राप्त बिबरण अनुसार यस पालिकामा अन्यत्र कार्यालयबाट हस्तान्तरण भई आएका वा निशुल्क प्राप्त औषधिको उपभोग अवधि सकिएको कारणले मिन्हा प्रकृया शुरु गर्नु पर्न र मिन्हा प्रकृया सकिएका औषधिको विवरण निम्न अनुसार प्राप्त भएको छ ।

| क.स | पठाउने निकायको नाम | औषधीको प्रकार | मुल्य | कैफियत |
| --- | --- | --- | --- | --- |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>जिल्ला स्वास्थ्य कार्यालय कैलाली</td><td>१५ प्रकार</td><td>नखुल्ने</td><td>मिन्हा गरी हटाउने प्रकृया हुन बाँकी रहेको</td></tr>
<tr><td>२</td><td>बिभिन्न संघ संस्था</td><td>२ प्रकार</td><td>नखुल्ने</td><td>मिन्हा गरी हटाउने प्रकृया हुन बाँकी रहेको</td></tr>
<tr><td>३</td><td>जिल्ला स्वास्थ्य कार्यालय कैलाली</td><td>२ प्रकार</td><td>नखुल्ने</td><td>मिन्हा प्रकृया पुरा गरेको</td></tr>
</table>
उल्लेखित परिमाणका औषधी उपयोगमा आउन नसक्नुमा यस पालिकाको माग भन्दा पनि अन्य निकायले उपलव्ध गराएका औषधि रहेको देखिन्छ । पालिकाको आबश्यकतामा नपर्ने र उपभोग समय कम भई तत्काल प्रयोगमा ल्याउन नसक्ने औषधी कुनै निकायबाट हस्तान्तरण भई आउन सक्ने अबस्था भए पालिकाको आबश्यकता अनुसार तोकिएको अबधिमा उपभोगमा आउन सक्ने सम्भाबना भएका औषधिमात्र बुझिलिने व्यबस्था कार्यान्वियनमा ल्याउन पालिकाको ध्यान जान आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०९</td><td></td><td></td><td>कृषि सामाग्रि खरिद<br><br>पालिकाले बिभिन्न सामाग्री वितरण गर्दा वितरित सामानको उच्चतम सदुपयोग हुने गरी आबश्यक प्रमाण कागजात लिएर वितरण गर्ने व्यबस्था हुनुपर्दछ । तर यस कार्यक्रमबाट बिभिन्न बडाका स्थानीय बासिन्दालाई तरकारी, फलफूल तथा खाद्यान्नका बिउ, बिजन र बेर्नाहरु बितरण गरेको सुनिश्चित हुनका लागि सम्बन्धित सबै लाभग्राहीको परिचय गराउने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस लिने गरेको पाइएन । यसका अतिरिक्त त्यस्ता सामान वितरण गर्दा बुझिलिने व्यक्तिको के कति जग्गा जमिन छ सो खुलाउने गरेको पाइएन । उल्लेखित व्यहोरा खुल्ने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस नलिई काम सम्पन्न गर्दा बितरित समान तोकिएको उदेश्य अनुसार गुणस्तरयुक्त सामान प्राथमिकताका आधारमा उच्चतमा सदुपयोग हुने गरी विबरण गरेको छ भन्ने अबस्था रहेन । यस्तो प्रकारले वितरण गर्ने कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११०</td><td></td><td></td><td>विद्यालय अनुदान<br><br>विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमुना विद्यालयको छनौट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालयको नमुना विद्यालय छनौट गरी पुर्वाधार विकासका लागि रू.२४,३५,०००। विनियोजन भएकोमा नगरपालिकामा दुर्गा लक्ष्मी मा.वि. अत्तरिया छनौट भएको छ। विद्यालयको शैक्षिक सुदृढिकरणमा विद्यालयको प्रपोजलको आधारमा खर्च हुने गरी प्रथम पटक ५० प्रतिशत र वाकी रकम विद्यालयको कार्यप्रगति विवरणका आधारमा निकासा गर्नु पर्नेमा प्रगति विवरण वेगर सम्पुर्ण रकम एकमुष्ठ निकासा पठाएको छ । नगरपालिकाले उक्त विद्यालयलाई गएको अनुदान रकमको समयमै अनुगमन गरी निर्देशिकाले तोकेको शीर्षकमा खर्च भए नभएको एकिन गरी प्रमाण पेश गर्नुपर्ने रू.</td><td>२,४३५,०००</td></tr>
<tr><td>१११</td><td></td><td></td><td>फरक खर्च शिर्षक<br><br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शिर्षकबाट प्रारम्भिक वाल विकास सहजकर्ताहरूको पारिश्रमिकका लागी रू. २८,०५,२८६।,</td><td></td></tr>
</table>

सामुदायिक विद्यालयहरूमा कार्यरत प्रशासनिक कर्मचारिहरूलाई पोशाकका लागी रू. २,४०,४७५। र आकस्मिक कक्षामा कार्यरत चिकित्सक तथा पारामेडिक्सको अतिरिक्त सेवा वापत रू. ६,८०,८५६। गरि जम्मा रू. ३७,२६,६१७। भुक्तानी गरेको छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले फरक शिर्षकवाट खर्च गरेको देखिएकोले सम्वन्धित खर्च शिर्षकवाटै रकम भुक्तानी नगरि फरक शिर्षकबाट भुक्तानि भएको कार्य नियम सम्मद नदेखिएकोले यसमा पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

११२

**नगर शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले जम्मा १४३ जना नगर शिक्षक नियुक्त गरि २०७८।७९ मा नगर शिक्षकको लागी आन्तरिक श्रोतबाट रू.४,१३,४०,०००। भुक्तानी भएको विवरण प्राप्त भएको छ। नगरशिक्षक राख्दा ओएण्डएम नगरी नियुक्ति गरि भुक्तानि दिनु उचित होइन ।

११३ ४,७६०

**नर्म्स भन्दा बढी भुक्तानी**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि. नं. ४ अनुसार सबै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायवाट सञ्चालीत सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा अधिकृतस्तरको तालिममा नगरपालिकामा कक्षा सञ्चालन वापत रू.६००। र कार्यपत्र वापत रू.१,०००। पारिश्रमिक पाउने उल्लेख छ।त्यसैगरि सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिकास्तरमा रू.७००। र कार्यपत्र वापत रू.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा वापत पारिश्रमिक नपाउने तर कार्यपत्रको मात्र पारिश्रमिक पाउने उल्लेख छ। यस पालिकाबाट सञ्चालन भएका निम्नाअनुसारका तालिम कार्यक्रमहरूमा तोकिएको दरभन्दा वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम रू. ४,७६०। असुल गर्नुपर्ने रू.

| क्र.सं. | गो.भौ.नं र मिति | कार्यक्रमको नाम | प्रशिक्षक | सेसन | भुक्तानी हुनुपर्ने (कर कट्टि सहित) | भुक्तानी भएको (कर कट्टि सहित) | बढी भुक्तानी भएको रू |
|---|---|---|---|---|---|---|---|
| १ | ५९।२०७९।३।१८ | IEMS तालिम | शिक्षा शाखा प्रमुख श्री बसन्तकुमार खत्री | २ | १,३६०। | २,५५०। | १,१९०। |
| २ | ५९।२०७९।३।१८ | IEMS तालिम | शा.अ. प्रयागराज जोशी | २ | १,३६०। | २,५५०। | १,१९०। |
| ३ | ५९।२०७९।३।१८ | IEMS तालिम | क.अ. राजु दहित | २ | १,३६०। | २,५५०। | १,१९०। |
| ४ | ५९।२०७९।३।१८ | IEMS तालिम | प्रा.स. विष्णुराज अवस्थी | २ | १,३६०। | २,५५०। | १,१९०। |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा ४,७६०। | |
| ११४ | | | **सवारी मर्मत -**<br><br>सवारी साधनको मर्मत गर्दा म. ले. प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फाराम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा मोटर साईकल,स्कुटर,गाडी, लगायतका सवारी साधन मर्मत गरी रु.३२,२६,१५९।खर्च गरेको छ ।सवारी साधन मर्मत गर्दा केही मर्मत आदेश स्वीकृत गरेपनी अधिकाँश पटक मर्मत आदेश स्वीकृत नगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनी अद्यावधिक गरी राखेको छैन ।सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गर्दै खर्च लेख्नेतर्फ पालिकाले तर्फ ध्यान दिनुपर्दछ । | |
| ११५ | | | **जोखिम भत्ता -**<br><br>सार्वजनिक खर्च मितव्यीता कायम गर्ने सम्वन्धि मापदण्ड, २०७७ मा कोभिड-१९ संक्रमण रोकथामका लागि प्रत्यक्ष रुपमा संलग्न भई अग्रपंतिमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी वाहेक सार्वजनिक निकायामा कार्यरत पदाधिकारी वा कर्मचारीलाई प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापत भत्ता, जोखिम भत्ता, विशेष भत्ता र खाना खाजा लगाएत कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने उल्लेख छ ।पालिकाले कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट कोभिड-१९ रोकथाम तथा न्युनिकरणमा दिन रात खटिएका पदाधिकारी र कर्मचारीको स्पष्ट आधार प्रमाण वेगर छुट पारिश्रमिक भनी योगेन्द्र बहादुर सिँह र शर्मानन्द भट्टलाई रु.२२,५००।का दरले कुल रु.४५,०००।खर्च गरेको छ ।मापदण्ड विपरित भुक्तानी गरेको (कर कट्टि बाहेक) रु.१९,१२५। का दरले दुई जनालाई भुक्तानी दिएको रु.३८,२५०।मनासिब देखिएन रु. | ३८,२५० |
| ११६ | | | **ईन्धन खर्च -**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले आ.व २०७८/७९ मा ईन्धन शिर्षकबाट रु.४७,७०,००४।खर्च लेखेको छ । पालिकाको कामसँग नजोडीएका व्यक्ती तथा सस्थालाई समेत ५ लिटर देखि २०० लिटरसम्म ईन्धन उपलब्ध गराएको लगबुकका देखाएको छ । प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ । | |
| ११७ | | | **पदाधिकारी ईन्धन -** | |

<table>
<tr><td></td><td></td><td></td><td>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा चार पाङग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम १७० लि र उपप्रमुखलाई १५० लि मासिक इन्धन उपलब्ध गराउने उल्लेख छ । पालिकाले वर्षभरीमा नगर प्रमुखलाई २४९० लिटर डीजेल र नगर उपप्रमुखलाई २९१० लिटर डिजल उपयोग गरेको भनि लगवुकमा चढाएको छ । ऐन अनुसार नगर प्रमुखलाई अधिकतम २०४० लिटर र नगर उपप्रमुखलाई अधिकतम १८०० लिटर ईन्धन सुविधा उपलब्ध गराउनु पर्नेमा ऐन विपरित नगर प्रमुखलाई ४५० ली डीजेल र नगर उपप्रमुखलाई १११० लिटर गरी जम्मा १५६० लिटर थप ईन्धन सुविधा वढी दिनु मनासिव देखिएन । यस सम्बन्धमा प्रमुख र उपप्रमुख ज्यू ले प्रयोग गर्ने सवारी साधन कार्यालय प्रयोजनमा अन्य कर्मचारीले समेत प्रयोग गरेकोले बढी रकम देखिएको भनाई कार्यालयको रहे पनि सो अनुसार लगबुक अद्यावधिक गरेको पाइएन । लगबुक अद्यावधिक नगरी पपाउने सुविधा भन्दा बढी हुने गरी इन्धन खर्च लेख्ने कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११८</td><td></td><td></td><td>नर्म्सभन्दा बढी भुक्तानी-<br><br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि.नं.४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट नगरपालिकास्तरमा सञ्चालीत सहायक स्तरको तालिम / अन्य तालिममा कक्षा सञ्चालन वापत रू.७००। र कार्यपत्र वापत रू.८००। पाउने उल्लेख छ । पालिकाले प्रशिक्षक भत्ता वापतको रकम तपसिल बमोजिम नर्म्स भन्दा वढी भुक्तानी दिएको हुँदा सम्वन्धितबाट असुल गर्नु रु.
<table>
<tr><td>क्र.स</td><td>गो भौ नं र मिति</td><td>भुक्तानी लिनेको नाम</td><td>हुनु पर्ने दर रु.</td><td>भएको दर रु.</td><td>ईकाई</td><td>वढी रकम रु.</td></tr>
<tr><td>१</td><td>८३९,२०७९/२/१४</td><td>ग्रामिण एकिकृत रुपान्तरण नेपाल</td><td>१५००।</td><td>३५००।</td><td>१५</td><td>३०,०००।</td></tr>
<tr><td>२</td><td>९७५,२०७९/३/१७</td><td>सामाजिक विकास मञ्च सुदूरपश्चिम</td><td>१५००।</td><td>३४००।</td><td>८</td><td>१५,२००।</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>४५,२००।</td></tr>
</table></td><td>४५,२००</td></tr>
<tr><td>११९</td><td></td><td></td><td>फाजिलका कर्मचारी<br><br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा कुनै कर्मचारीलाई जिम्मेवारी नदिइ राख्नु हुदैन भन्ने व्यवस्था रहेको छ। दरबन्दी अनुसार कर्मचारीहरू पदपुर्ति हुनुपर्दछ। पालिकामा जम्मा ४१ जना फाजिलका कर्मचारीहरूलाई यस वर्ष रू. १,५८,०१,६४८।१९ तलव भत्ता भुक्तानी भएको छ। फाजिलका कर्मचारीको व्यवस्थापनका लागि पालिकाले सम्बन्धित निकायमा समन्वय गरि प्रक्रिया अगाडी वढाइ फाजिलका कर्मचारीहरूको उचित व्यवस्थापन नगरी यसै पालिकाबाट तलब भत्ता लेख्ने कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १२० | | | **धरौटी** | |
| १२०. १ | | | सार्बजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी बापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस पालिकाले हुनीनाथ निर्माण सेवाको धरौटी वापतको रकम फिर्ता गर्दा कर समायोजनको पत्र तथा कर चुक्ता प्रमाण पत्र पेश गरेको पाईएन । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. ४०,०००। रकम फिर्ता दिने कार्य मनासिब देखिएन तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु. | ४०,००० |
| १२०. २ | | | आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम (६६) बमोजिम कार्यालयमा जम्मा गरेको धरौटी नियम (६५) बमोजिम जफत वा कट्टा नहुने वा नियम ६७ बमोजिम राजस्व दाखिला नहुने भए त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यबस्था छ ।धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनु पर्ने व्यबस्था छ । सो व्यहोरा अनुसार धरौटी फिर्ता दिनु नपर्ने अबस्था सृजना भई राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा सम्वन्धित अधिकारीले प्रचलित कानुन वा करारको शर्तनामामा म्याद तोकिएको भए सो म्यादभित्र र म्याद नतोकिएको भए तीस दिनभित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले आ.व २०७८/७९ सम्मको अल्या भएको धरौटी रकम रु.१,७५,६५,२७३। धरौटी देखाएको छ।प्रयोजन समाप्त भएको धरौटी वापतको रकम एकिन गरी कानूनको उक्त व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १२१ | | | **जिन्सी व्यबस्थापन-**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियामावली, २०७७ को परिच्छेद ११ मा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्री गर्नु पर्ने भनि उल्लेख भएका पुराना काम नलाग्ने जिन्सी सामानको लिलाम विक्री गर्नु पर्ने व्यवस्था छ । कार्यालयको जिन्सीनिरीक्षण प्रतिवेदनमा लिलाम विक्री तथा मर्मत गर्नु पर्ने भनि उल्लिखित मालसामानतथा उपकरणहरु लिलाम विक्री तथा मर्मत गरेको देखिएन । आवश्यक प्रक्रिया पुरागरी पुराना मालसामानको समयमै लिलाम विक्रि तथा मर्मतगर्न सकिने अवस्था भए मर्मत गर्नु पर्दछ । उदाहरणका लागि केही मालसामान तथाउपकरणहरु | |

| क स | सामानको नाम | लिलाम गर्नु पर्ने संख्या | मर्मत गर्नु पर्ने संख्या |
|---|---|---|---|
| १ | साईकल | २५ | १० |
| २ | प्रिन्टर | ० | १० |
| ३ | ल्यापटप | ० | ६ |
| ४ | ईन्भटर | १० | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>५</td><td>टेवुल</td><td>०</td><td>३६</td></tr><tr><td></td><td>खाट ,पलङ</td><td>१७</td><td>३</td></tr><tr><td></td><td>रिभल्भिङ चियर</td><td>२५</td><td>१३</td></tr></table> | |
| १२२ | | | **पशु अनुदान -**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ ।पालिकाले आ.व २०७८/७९ मा घाँसको विउ ,वँगुर ,वाखा र कुखुरा खरिद गरी रु.२६,००,०००।खर्च गरेको छ ।यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्:<br>·कृषकले पालिकामा दिएको निवेदनलाईमात्र आधार मानी घाँसको विउ, बाखा, कुखुराका चल्ला र वंगुर खरिद गरी वितरण गरेको पाईयो ।<br>·कृषक छनोट र अनुदान वितरणका लागि स्पष्ट मापदण्ड तयार गरेको छैन ।<br>·पालिका आफैले खरिद गरी वा अनुदान वापतको रकम कृषक समुह, फर्म र व्यक्तीलाई उपलब्ध गराएको छ ।<br>·पालिकाबाट प्रदान गरेको अनुदानले लाभान्वित कृषकको संख्या खुल्ने तथ्यांक व्यवस्थित राखेको पाईएन ।<br>·अनुदान वितरण गर्दा भरपाईमात्र संलग्न गरेको तर परिचय खुल्ने कुनै कागजात संलग्न नगरेकोले सम्वन्धित व्यक्तीलेनै वुझेको एकिन हुन सकिने अबस्था नरहेको ।<br>·पालिकाले वितरण गरेको अनुदानले स्वरोजगारमा सहयोग पुर्याएको छ /छैन यस्तो अनुदानलाई निरन्तरता दिने कि नदिने जस्ता विषयमा पालिकाबाट अनुगमन मुल्यााँङ्कन गरेको पाइएन ।<br>·बितरण गर्ने स्पष्ट आधार बेगर कुखुराका चल्ला वितरण गर्दा २ देखि २० त्यस्तै घाँसको विउ वितरण गर्दा १ देखि ४५ के.जि सम्म प्रति व्यक्ति वितरण गरेको भरपाई संलग्न गरेको छ ।<br>पालिकाले वितरण गरेको अनुदानको प्रभावकारीता सम्वन्धमा नियमित अनुगमन गर्दै अनुदान उययोगको सुनिश्चिता हुने तथा स्वरोजगारी सिर्जना गरी किसानको जीवनस्तरमा सुधार ल्याउने गरी कार्यक्रम संचालन गर्नतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| १२३ | | | **गाडी भाडा -**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली,२०७७ को ३९(११)मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले कार्यालयको कामकाज उल्लेख गरी बा १६ च ८७८८ को सवारी धनी श्री पदम वहादुर चौधरी संग विभिन्न मितिमा दैनिक रु.३,५००।का दरले भुक्तानी गर्ने सम्झौता गरी गाडी भाडामा लिई प्रयोग गरेको देखिन्छ। कार्यालयको कामकाजको शिलशिला मात्र खुलाई प्रष्ट प्रयोजन बेगर पालिकाको आफ्नै गाडी हुँदाहुँदै गाडि भाडामा लिई प्रयोग गर्ने गरेको पाईयो । पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा | |

<table>
<tr><td></td><td></td><td></td><td>मितव्ययी हुनु पर्ने देखिन्छ ।यस सम्वन्धमा केही उदाहरण निम्नानुसार छन् । कर्मचारीलाई स्पष्ट आधार बेगर भाडामा गाडी लिई उपलब्ध गराउनु उचित होइन ।<br>
<table>
<tr><td>क्र स</td><td>गो भौ नं र मिति</td><td>सम्झौत मिति</td><td>प्रयोग दिन</td><td>खर्च रकम</td></tr>
<tr><td>१</td><td>७,२०७८/५/१०</td><td>२०७८/२/३०</td><td>२८</td><td>९८,०००।</td></tr>
<tr><td>२</td><td>११,२०७८/५/१०</td><td>२०७८/३/१९</td><td>४३</td><td>१,५०,५००।</td></tr>
<tr><td>३</td><td>६०,२०७८/६/९</td><td>२०७८/५/१०</td><td>२८</td><td>९८,०००।</td></tr>
<tr><td>४</td><td>१८८,२०७८/८/१९</td><td>२०७८/६/८</td><td>५५</td><td>१,९२,५००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५,३९,०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२४</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण -<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६/७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको थियो । बेरुजू लगत तथा संपरीक्षण अभिलेख प्रयोजनका लागि बेरुजु लगत खाता म.ले.प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म.ले.प. फा. नं. ८०५ लगायतका फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन। यस्तो अबस्थामा पालिकाको बेरुजूको लगत तथा सम्परीक्षणको अभिलेख व्यबस्थितरुपमा रहेको छ भनि बिश्वस्त हुने अबस्था रहेन। यसका लागि पालिकाले उक्त फारामहरु प्रयोगमा ल्याई बेरुजू लगत तथा सम्परिक्षणको अभिलेख व्यबस्थितरुपमा राख्ने व्यबस्था गर्नुपर्दछ।</td><td></td></tr>
</table>